# राष्ट्रिय औद्योगिक गणना २०६९

## निर्देशिका


नेपाल सरकार
राष्ट्रिय योजना आयोगको सचिवालय

केन्द्रीय तथ्याङ्क विभाग

रामशाहपथ, थापाथली
काठमाण्डौ

फोन नं. ४२४५८४८, ४२५२४७९, ४२४५९४६, ४२४५९४७, ४२४५९४८
फ्याक्स नम्वर ९७७-१-४२२७७२०

# पृष्ठभूमि

कुनै पनि मुलुकको अर्थतन्त्रमा औद्योगिक क्षेत्रको भूमिका महत्वपूर्ण रहेको हुन्छ । नेपालको अर्थतन्त्रमा उद्योगको पनि महत्वपूर्ण स्थान रहेको छ । साथै उद्योगसम्बन्धी तथ्याङ्कको महत्व पनि बढ्दै गइरहेकोले हुनाले औद्योगिक सूचनाहरुको आवश्यकता महशुस भएको हो । औद्योगिक क्षेत्रले अर्थतन्त्रमा पारेको परिवर्तनलाई उल्लेख गर्ने र औद्योगिक विकास प्रयासहरूबाट समाजमा परेको प्रभाव, समाजमा पुग्न गएका सेवाहरू, औद्योगिक क्षेत्रको विकास र विस्तारमा राष्ट्रले निर्वाह गर्नुपर्ने भूमिका आदिको लागि औद्योगिक तथ्याङ्क तथा सूचनाको आवश्यकतालाई मध्यनजर गरी नेपाल सरकारले निरन्तर रुपमा औद्योगिक गणना संचालन गर्दै आएको छ । नेपालमा वि.सं. २०२२ सालमा प्रथम औद्योगिक गणना सम्पन्न भएको थियो । त्यसपछि वि.सं. २०३०, २०३४, २०३९, २०४४, २०४९, २०५४, २०५९ र २०६४ मा क्रमशः दोस्रो, तेस्रो, चौथो, पाँचौं, छैठौं, सातौं, आठौ र नवौं औद्योगिक गणना सम्पन्न भई सकेका छन् । यसै परिप्रेक्ष्यमा नेपालभरी दश वा सोभन्दा बढी व्यक्तिहरू संलग्न भई चालु अवस्थामा रहेका उद्योगहरूको वर्तमान स्थिति र क्रियाकलापहरूको अध्ययन गर्न चालु आ.व. २०६९/७० मा दशौं औद्योगिक गणना (Census of Manufacturing Establishments) सञ्चालन गर्न लागिएको छ । गणनाबाट प्राप्त तथ्याङ्कहरू औद्योगिक क्षेत्रको संरक्षण, सम्वर्द्धन र विकासका नीति निर्माण तथा योजना तर्जुमा र अनुगमन एवं मूल्याङ्कन गर्न उपयोगी हुनुका साथै यस क्षेत्रका अनुसन्धानकर्ताहरू, उद्योगपतिहरू, विद्यार्थीहरू र यस क्षेत्रमा चासो राख्ने सवै सरोकारवाला व्यक्तिहरूलाई पनि महत्वपूर्ण हुने विश्वास लिइएको छ ।

गणना प्रयोजनको निमित्त तयार पारिएका प्रश्नावलीभित्र रहेका प्राविधिक एवं सैद्धान्तिक कुराहरूलाई सकेसम्म स्पष्ट पारी सहजपूर्वक गणना कार्य सम्पन्न गर्ने उद्देश्यले यो निर्देशिका तयार गरिएको छ । यो निर्देशिका गुणस्तरीय तथ्याङ्क सङ्कलन गर्न गराउन गणनामा संलग्न दुई पक्ष कर्मचारी एव उद्योगपतिहरू दुवैका निमित्त सहयोगी हुनेछ ।

**राष्ट्रिय औद्योगिक गणना २०६९ को उद्देश्य**

समग्रमा राष्ट्रिय औद्योगिक गणना २०६९ को उद्देश्य सन्दर्भ वर्षमा सञ्चालन भईरहेका १० वा सोभन्दा बढी व्यक्तिहरु संलग्न भएका उद्योग प्रतिष्ठानहरूको विभिन्न विषयमा तथ्याङ्क सङ्कलन, प्रशोधन, विष्लेषण तथा प्रकाशन गर्नु हो । विशेषतः निम्न किसिमका सूचनाहरू सङ्कलन तथा प्रशोधन गर्ने उद्देश्यले औद्योगिक गणना २०६९ संचालन गर्न लागिएको छ ।

१. चालु अवस्थामा रहेका उद्योग प्रतिष्ठानहरूको संरचनागत स्थिति पहिल्याउनु एवं नेपालस्तरीय औद्योगिक वर्गीकरणअनुसार तथ्याङ्कहरू प्रस्तुति गर्नु ।

२. औद्योगिक प्रतिष्ठानले के कस्ता वस्तु तथा सेवाहरू सन्दर्भ वर्षमा उत्पादन गरिरहेका छन् ती वस्तुहरूको CPC (Central Product Classification) अनुसार तालिकीकरण, विश्लेषण गरी प्रस्तुत गर्नु ।

३. उद्योग प्रतिष्ठानहरूको रोजगारीको स्थितिबारे तथ्याङ्क प्रस्तुत गर्नु ।

४. उद्योगहरूको लगानी, कच्चापदार्थको खपत, इन्धन, बिजुलीको खपत, कर तथा संरचनागत रूपमा उत्पादित वस्तुको बिक्री, मौज्दात आदि विविध विषयमा जानकारी उपलब्ध गराउनु ।

५. उद्योग प्रतिष्ठानको आगत मूल्य (Output) र निर्गत मूल्य (Input) अनुमानहरू तयार गरी प्रकाशित गर्नु ।

६. वातावरण नियन्त्रणसम्बन्धी उद्योगहरूको प्रयासबारे जानकारी प्राप्त गर्नु ।

७. यस क्षेत्रले भोगेका समस्या तथा सो को असर वारे पहिचान गर्नु ।

**गणनामा पर्ने उद्योग प्रतिष्ठानको परिभाषा**

"उद्योग प्रतिष्ठान" भन्नाले एउटै प्रशासनिक नियन्त्रणमा कुनै निश्चित स्थानमा रही उत्पादन कार्य गर्ने आर्थिक एकाईलाई बुझाउँछ । "उत्पादन कार्य" भन्नाले निर्जिव वा जैविक वस्तुलाई यान्त्रिक वा रसायनिक वा अन्य कुनै प्रक्रियाद्वारा प्रशोधन वा रूपान्तरण गरी नयाँ वस्तुमा परिणत गर्ने कार्यलाई बुझाउँछ । उद्योग प्रतिष्ठानले उत्पादन गर्ने कार्यलाई अन्तरराष्ट्रिय औद्योगिक व्यवसाय वर्गीकरण (ISIC rev. 4) ले देहायअनुसार वर्गीकरण गरेको छ ।

| ISIC Code | औद्योगिक व्यवसायहरुको वर्गीकरण |
|---|---|
| १० | खाद्य पदार्थ उत्पादन गर्ने क्रियाकलाप वा प्रतिष्ठानहरू जस्तैः पशुपति खाद्य तथा तेल उद्योग प्रा.लि., श्रीराम जानकी डेरी उद्योग, विजय सेलर मिल, बाबा विस्कुट प्रा. लि., अन्नपूर्ण चिया उद्योग आदि । |
| ११ | पेय पदार्थ उत्पादन गर्ने क्रियाकलाप वा प्रतिष्ठानहरू जस्तैः गोरखा व्रुअरी, हिमालयन स्प्रीङ्ग मिनिरल वाटर कम्पनी, वोटलर्स नेपाल आदि । |
| १२ | सुर्तीजन्य पदार्थ उत्पादन गर्ने उद्योग प्रतिष्ठान वा क्रियाकलापहरू जस्तैः नवयुवक विंडी फ्याक्ट्री, सीताराम बिंडी उद्योग आदि । |
| १३ | कपडाको उत्पादन गर्ने उद्योग प्रतिष्ठान वा क्रियाकलापहरू जस्तैः मेची ईष्टर्न कार्पेट ईण्डष्ट्रीज प्रा.लि., जगदम्बा टेक्सटाईल ईण्डष्ट्रीज प्रा.लि., जयकमल होजियारी ईण्डष्ट्रीज, बाबा जुट मिल आदि। |
| १४ | लगाउने पोशाकको उत्पादन गर्ने क्रियाकलाप वा प्रतिष्ठानहरू जस्तैः नेपाल टोपी उद्योग, मोडर्न तयारी पोशाक उद्योग, ममता फेसन उद्योग आदि । |
| १५ | छालाको रङ्गरोगन एवं काँटछाँट गर्ने, छालाको बाकस, हाते ब्याग र यस्तै अन्य सामानहरू उत्पादन गर्ने क्रियाकलाप वा व्यवसायहरू जस्तैः युनिभर्सल लेदर ईण्डष्ट्रीज प्रा.लि., बिराटनगर सु कम्पनी आदि । |
| १६ | फर्निचर (घरेलु फर्निचर), पराल एवं छ्वालीबाट निर्मित वस्तुहरू बाहेक काठ वा काठ प्रयोग भएका वस्तुहरू र कर्क उत्पादन गर्ने क्रियाकलापहरू जस्तैः भुवनेश्वरी स-मिल, पशुपति प्लाईउड ईण्डष्ट्रीज आदि । |
| १७ | कागज र कागजजन्य वस्तु उत्पादन गर्ने प्रतिष्ठानहरू जस्तैः सहदेव नेपाल हाते कागज उद्योग, प्रविन पेपर प्याकेजिङ्ग ईण्डष्ट्रीज आदि । |
| १८ | छपाई र रेकर्डेड साधनको पुनः प्रकाशन गर्ने क्रियाकलाप वा प्रतिष्ठानहरू जस्तैः सिद्धार्थ अपसेट प्रेस प्रा.लि., अन्तु प्रकाशन प्रा.लि. आदि । |

| | |
|---|---|
| १९ | खँदिलो कोइला, प्रशोधित पेट्रोलियम पदार्थ उत्पादन गर्ने क्रियाकलाप वा प्रतिष्ठानहरू जस्तैः नेपाल बिटुमिन एण्ड बेरल उद्योग । |
| २० | रसायन र रसायनिक वस्तुहरूको उत्पादन गर्ने क्रियाकलाप वा प्रतिष्ठानहरू जस्तैः नेपाल रोजिन एण्ड टर्पेण्टाइन लि., शिवशक्ति सोप ईण्डष्ट्रीज आदि । |
| २१ | सामान्य औषधिको उत्पादन र औषधि उत्पादन गर्ने क्रियाकलाप वा प्रतिष्ठानहरू जस्तैः मनोज फर्मास्यूटीकल, त्रिशक्ति फर्मास्यूटीकल आदि । |
| २२ | रबर वा प्लाष्टिकका सामाग्री उत्पादन गर्ने क्रियाकलाप वा प्रतिष्ठानहरू जस्तैः बाग्मती रबर उद्योग, लक्ष्मी प्लाष्टिक प्रा.लि., गंगादेवी प्लाष्टिक उद्योग, ईन्द्र प्लाष्टिक उद्योग आदि । |
| २३ | गैर धातु खनिजहरू उत्पादन गर्ने क्रियाकलाप वा प्रतिष्ठानहरू जस्तैः जनता ईंटा टायल उद्योग, पूर्णगिरी टायल उद्योग आदि । |
| २४ | आधारभुत धातुहरूको उत्पादन गर्ने क्रियाकलापहरू जस्तैः बुटवल आल्मुनियम उद्योग । |
| २५ | मेशिनरी र उपकरण वाहेकका विभिन्न ढाँचामा बनेका धातुका वस्तुहरु उत्पादन गर्ने क्रियाकलापहरु जस्तैः सन्तोष ग्रिल उद्योग, हिक्मत तामा भाँडा उत्पादन उद्योग, जगदम्बा स्टील प्रा.लि. आदि । |
| २६ | कम्प्यूटर, इलेक्ट्रोनिक्स र चस्मा (अप्टिकल) वनाउने क्रियाकलापहरु जस्तैः सी जी इलेक्ट्रोनिक्स |
| २७ | विद्युतीय उपकरण वनाउने क्रियाकलापहरु जस्तैः लुम्बिनी केवल ईण्डष्ट्रीज प्रा.लि., त्रिशक्ति वायर ईण्डष्ट्रीज प्रा.लि आदि । |
| २८ | अन्यत्र उल्लेख नगरिएका यन्त्र र उपकरण उत्पादन गर्ने क्रियाकलापहरू जस्तैः सानी स्टोभ उद्योग । |
| २९ | मोटर गाडी, मोटरले तान्ने ट्रेलर र सेमी ट्रेलर वनाउने क्रियाकलापहरु जस्तैः राधा टेक्टर पार्टस् सप्लायर्स । |
| ३० | अन्य यातायातका उपकरण बनाउने क्रियाकलापहरु जस्तैः हिमाल अटो ईण्डस्ट्रीज, कोहीनुर मेटल उद्योग । |
| ३१ | फर्निचर वनाउने क्रियाकलापहरु जस्तैः गणेश काष्ठ फर्निचर उद्योग, न्यू सरस्वती फर्निचर उद्योग आदि। |
| ३२ | अन्य सामान वनाउने वा प्रशोधन गर्ने क्रियाकलापहरु जस्तैः मिथिला सुनचाँदी पसल । |
| ३३ | मेशिन तथा उपकरणको जडान र मर्मत गर्ने क्रियाकलापहरु । |

**सन्दर्भ अवधि**

- ❖ यस राष्ट्रिय औद्योगिक गणना २०६९ को निमित्त सन्दर्भ अवधि २०६८ श्रावण १ गते देखि २०६९ आषाढ मसान्तसम्म (आर्थिक वर्ष २०६८/६९) तोकिएको छ ।
- ❖ यस प्रश्नावलीमा त्यसै अवधिमा कार्यालय सञ्चालन/उत्पादन गरेका प्रतिष्ठानहरुको विवरण भर्नुपर्दछ । कुनै उद्योग प्रतिष्ठान सन्दर्भ अवधिको केही महिना मात्र सञ्चालन भएको छ भने सोही अवधिको विवरण भर्नुपर्दछ ।

- ❖ वि.सं. २०६९ साल श्रावण १ गतेपछि कार्यालय सञ्चालन/उत्पादन शुरू गर्ने प्रतिष्ठानहरू सन्दर्भ अवधि भित्र पर्दैनन् र तिनलाई गणनामा संलग्न गरिने छैन । तर यस्ता उद्योग प्रतिष्ठानहरूको परिचयात्मक विवरण भने भर्नुपर्दछ ।
- ❖ सन्दर्भ अवधि भित्र उत्पादन कार्य शुरू गरेका सबै किसिमका वस्तुहरु प्रशोधन गर्ने उद्योग प्रतिष्ठानको विवरण सङ्कलन गर्नुपर्दछ ।

**बाहिरी पानाको विवरण (Cover Page)** :

प्रश्नावलीको बाहिरी पानामा उल्लेख भएको जिल्ला कोड र फाराम नम्बर विभागीय प्रयोजनको लागि भएको हुँदा ती कोठाहरूमा केही नलेखी खाली छाड्नुपर्नेछ ।

## खण्ड १ : परिचयात्मक विवरण

### १.०१ **उद्योग प्रतिष्ठानको नाम** :

उद्योग प्रतिष्ठानको नाम लेख्दा प्रतिष्ठानको रजिष्टर्ड गर्दा लेखिएको नाम वा साइनवोर्डमा लेखिएको नाम नेपाली र अंग्रेजी दुबैमा स्पष्ट लेख्नुपर्दछ । यदि साईनबोर्ड नभएको अवस्थामा उद्योग प्रतिष्ठानले प्रयोग गर्ने रसिद, छाप, लेटर प्याड इत्यादिमा उल्लेखित नाम लेख्नुपर्दछ ।

### १.०२ **रजिष्टर्ड नं.** :

उद्योग प्रतिष्ठानको रजिष्टर्ड नम्बर यहाँ लेख्नुपर्दछ ।

### १.०३ **जिल्ला** :

उद्योग प्रतिष्ठान सञ्चालनमा रहेको जिल्लाको नाम यहाँ उल्लेख गर्नुपर्दछ ।

### १.०४ **नगरपालिका/गाउँ विकास समिति** :

यहाँ उद्योग प्रतिष्ठान सञ्चालनमा रहेको नगरपालिका, उप-महानगरपालिका, महानगरपालिका वा गाउँ विकास समितिको नाम स्पष्ट खुलाइ लेख्नुपर्दछ । साथै उल्लेखित नाम महानगरपालिका, उप-महानगरपालिका नगरपालिका वा गाउँ विकास समिति के हो सो को कोड कोष्ठमा लेख्नुपर्दछ ।

### १.०५ **वार्ड नं.** :

उद्योग प्रतिष्ठान जुन वार्डमा सञ्चालन भईरहेको छ सो वार्ड नं. यहाँ खुलाउनुपर्दछ ।

### १.०६ **टोल/गाउँ** :

यो औद्योगिक गणनाअन्तर्गत पर्ने उद्योग प्रतिष्ठान जुन टोल/गाउँमा अवस्थित छ सो टोल र गाउँको नाम यहाँ लेख्नुपर्दछ ।

**१.०७ फोन नं. :**

उद्योग प्रतिष्ठानले टेलिफोन राखेको भए उक्त टेलिफोन नम्बर यहाँ खुलाउनुपर्दछ ।

**१.०८ फ्याक्स नं. :**

उद्योग प्रतिष्ठानले फ्याक्स राखेको भए सो को नम्बर यहाँ लेख्नुपर्दछ ।

**१.०९ ईमेल ठेगाना :**

उद्योग प्रतिष्ठानको ईमेल ठेगाना भए सो यहाँ खुलाउनुपर्दछ ।

**१.१० सञ्चालन मिति :**

उद्योग प्रतिष्ठानले जहिले देखि वस्तु उत्पादनको लागि उत्पादन कार्य शुरू गरेको हो सोही मिति यसमा खुलाउनुपर्नेछ । उत्पादन सुरु नभएको उद्योग प्रतिष्ठानको हकमा उद्योग स्थापना गर्नको लागि कर्मचारी भर्ना गरी स्थाई सम्पत्ति जोडी काम सुरु भएको छ भने सो कहिले देखि सञ्चालन भएको हो सोही वर्ष लेख्नुपर्दछ ।

**प्रश्न १.११ यो प्रतिष्ठान कुन स्थानमा सञ्चालन भएको छ ?**

कुनै पनि उद्योगहरु प्रतिष्ठान निस्चित ठाँउ तथा हातामा सञ्चालित भएका हुन्छन् । सवै उद्योग प्रतिष्ठानहरु उद्योग प्रतिष्ठान रहेकै ठाँउमा नै उत्पादन कार्य र प्रशासनिक तथा व्यापारीक सञ्चालन नभएका पनि हुन सक्दछन् । यस प्रश्नमा सो प्रतिष्ठानको मुख्य उत्पादन हुने ठाँउ कहाँ अवस्थित छ सो स्थानलाई उल्लेख गर्नुपर्दछ। स्थानहरुलाई मुख्यतया ४ वर्गमा विभाजन गरिएको छ ।

१. **औद्योगिक क्षेत्र** : नेपाल सरकारले औद्योगिक क्षेत्र भनी घोषणा गरेका क्षेत्रलाई जनाउँदछ । जस्तै नेपालगञ्ज औद्योगिक क्षेत्र, वालाजु औद्योगिक क्षेत्र आदि ।

२. **औद्योगिक करिडोर** : नेपाल सरकारले आधिकारीकरुपमा घोषणा नगरेता पनि सुनसरी–मोरङ्ग, वीरगञ्ज–पथलैया, वुटवल–भैरहवा, कोहलपुर–नेपालगंज, धनगढी–अत्तरिया क्षेत्रलाई औद्योगिक करिडोर सम्झनुपर्दछ ।

३. **विशेष आर्थिक क्षेत्र** : नेपाल सरकारले विशेष आर्थिक क्षेत्र भनी घोषणा गरेका क्षेत्र जस्तैः रुपन्देही ।

४. **अन्य** : माथि उल्लेख गरिएका वाहेक यस अन्तर्गत पर्दछन् जस्तै वजार क्षेत्र, आवास क्षेत्र आदि

**१.१२ सम्पर्क कार्यालय/व्यक्ति :**

उद्योग प्रतिष्ठानको तथ्यांक वा सूचनाहरु उपलब्ध गराउन सक्ने व्यक्ति वा कर्मचारीको नाम र सम्पर्क फोन यहां उल्लेख गर्नुपर्दछ । यदि सो सम्पर्क व्यक्तिको काम गर्ने स्थान उद्योग प्रतिष्ठान सञ्चालन भएको स्थान वाहेक अन्यत्र उद्योगसंग सरोकार राख्ने छुट्टै कार्यालय वा ठाउं भयो भने संपर्क कार्यालयको नाम, ठेगाना उल्लेख गर्नुपर्दछ ।

उद्योग प्रतिष्ठान सञ्चालन भएको स्थानबाहेक अन्यत्र कुनै ठाउँमा सम्बन्धित उद्योगको लेखा राख्ने कार्यालय वा समय समयमा प्रशासनिक कार्य सजिलैसँग उपलब्ध गराउन वा अन्य लेखापढीको लागि स्थापना गरिएको कार्यालय वा जहाँबाट प्रश्नावली भर्न सहज हुन्छ त्यसै कार्यालयलाई नै सम्पर्क कार्यालय मानिन्छ ।

**प्रश्न १.१३ यस प्रतिष्ठानको वैधानिक स्थिति कुन हो ?**

कुनै पनि उद्योग स्थापना एवं सञ्चालन गर्दा एउटा निश्चित व्यवस्थापन पद्धतिमा रहेर वा कानूनी आधारलाई टेकेर स्थापना गर्नुपर्ने हुन्छ सोही पद्धति वा कानूनी आधारलाई यहाँ वैधानिक स्थिति भनिएको छ । औद्योगिक गणना २०६९ मा वैधानिक स्थितिलाई ६ वर्गमा विभाजन गरिएको छ । सम्बन्धित औद्योगिक प्रतिष्ठानको जुन वैधानिक स्थिति हो त्यसको कोड सम्बन्धित कोष्ठमा उल्लेख गर्नुपर्दछ ।

१. **व्यक्तिगत** : कुनै एक व्यक्तिले एकलौटीरूपमा आफ्नो पूँजी लगानी गरी नाफा नोक्सानी आफैँले व्यहोर्ने गरी प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ अनुसार सञ्चालन गरिएका उद्योग प्रतिष्ठानहरूलाई व्यक्तिगत प्रतिष्ठान मानिन्छ ।

२. **साझेदारी** : दुई वा दुईभन्दा बढी व्यक्तिहरूले संयुक्त रूपमा कम बढी वा समान पूँजी लगानी गरी नाफा नोक्सानी सगोलमा सोही अनुपातमा व्यहोर्ने भनेर गरिएको सम्झौताको आधारमा प्रचलित साझेदारी ऐन, २०२० बमोजिम खोलिएको उद्योग प्रतिष्ठानलाई साझेदारी मानिन्छ ।

३. **प्राइभेट लिमिटेड** : "प्राइभेट लिमिटेड" भन्नाले उद्योग प्रतिष्ठानको शेयर र डिबेन्चर शेयरवालाबाहेक जस्ले पनि खरिद बिक्री गर्न नपाउने र प्रबन्धपत्र, नियमावली वा सर्वसम्मत सम्झौतामा व्यवस्था गरेकोमा बाहेक आफ्नो धितोपत्र आफ्नै शेयरवालाहरू बाहेक अन्य व्यक्तिलाई धितोबन्धक राखी वा कुनै किसिमले हक छाड्न नहुने गरि बढीमा ५० जनासम्म मिलेर कम्पनी ऐन, २०६३ अनुसार स्थापित भएको उद्योगलाई सम्झनुपर्दछ । यस्ता प्रतिष्ठानहरूको नामको पछाडी "प्राइभेट लिमिटेड" वा "प्रा.लि." भन्ने शव्द जोडिएको हुन्छ । जस्तैः मित्तल चिया उद्योग प्रा.लि., बाबा जुट मिल प्रा.लि., स्वस्तिक ट्रान्सफर्मर प्रा.लि. आदि ।

४. **पब्लिक लिमिटेड** : उद्योग प्रतिष्ठानको हिस्सा सर्वसाधारण जसले पनि खरिद बिक्री गर्न र व्यवस्थापनको मञ्जुरी नलिईकन पनि एक अर्काको नाममा आफ्नो हिस्सा नामसारी गर्न पाइने कम्पनी ऐन २०५३ बमोजिम कम्तिमा सात जना मिलेर खोलेको उद्योग प्रतिष्ठानलाई पब्लिक लिमिटेड उद्योग मान्नुपर्दछ । यस्ता उद्योग प्रतिष्ठानहरूको नामको पछाडी साधारणतया "लि." अथवा "लिमिटेड" भन्ने शब्द जोडिएको हुन्छ । जस्तैः श्री बिराटनगर जुट मिल्स लिमिटेड, नेपाल रोजिन एण्ड टर्पेनटाइन लिमिटेड, आदि ।

५. **सहकारी** : न्यून आय भएका मानिसहरू स्वेच्छापूर्वक, समानता र स्वतन्त्रताको आधारमा एकआपसमा मिलेर आफ्नो आर्थिक समुन्नतिको लागि सामूहिक प्रयास गर्न स्थापित वोर्ड वा संस्था नै सहकारी हो । यसको मुलमन्त्र "सबैको लागि एक र एकको लागि सबै" हो । सहकारीमा मुनाफा गौण हुन्छ । सुपथ मूल्यमा वस्तु तथा सेवा प्रदान गर्नु सहकारीको मुख्य उद्देश्य हो अर्थात यसमा नाफाको उद्देश्यभन्दा पनि सेवाको उद्देश्य प्रमुख रहेको हुन्छ। माथि उल्लेखित उद्देश्यबाट अभिप्रेरित भएर सहकारी ऐन २०४८ अनुसार दर्ता भई सञ्चालनमा रहेका उद्योग प्रतिष्ठानहरूलाई यस शिर्षकअन्तर्गत समावेश गर्नुपर्दछ ।

६. **अन्य** : माथि उल्लिखित वैधानिक स्थिति वा कानूनी आधारहरु बाहेक अरू कुनै प्रकारले संगठित भएको प्रतिष्ठानको वैधानिक स्थिति वा कानूनी आधार वा प्रशासनिक व्यवस्थापन पद्धति खुलाउनु परे त्यसलाई अन्यमा खुलाई यसमा समावेश गर्नुपर्दछ ।

**प्रश्न १.१४ यस प्रतिष्ठानको स्वामित्व कस्तो प्रकारको हो ?**

कुनै पनि उद्योग प्रतिष्ठानको स्थापना, सञ्चालन तथा उत्पादन कार्य आदि गर्न स्वदेशी वा विदेशी व्यक्ति वा संघसंस्थाद्वारा वा संयुक्त रूपमा लगानी गरेको हुन्छ । त्यस्तो पूँजी लगानीको हैसियतलाई स्वामित्व भन्ने बुझ्नुपर्दछ । अर्को अर्थमा "स्वामित्व" भन्नाले उद्योग प्रतिष्ठानको सम्पूर्ण पूँजी र त्यसको उत्पादनको अधिकारवाला भन्ने बुझाउँछ । यस गणनामा स्वामित्वलाई ६ वर्गमा विभाजन गरिएको छ । सम्बन्धित उद्योग प्रतिष्ठान जसको स्वमित्वमा रहेको छ त्यसको कोड सम्बन्धित कोष्ठमा उल्लेख गर्नुपर्दछ ।

१. **नेपाल सरकार** : नेपाल सरकारद्वारा पूर्ण सरकारी स्वामित्वको आधारमा स्थापना गरिएको वा नेपाल सरकारसँग भएको सहयोग सम्झौता अन्तर्गत विदेशी सरकारद्वारा स्थापना गरेर नेपाल सरकारकै पूर्ण स्वामित्व हुने गरी हस्तान्तरण गरिएका वा नेपाल सरकार वा नेपाल सरकारको स्वामित्व भएको संगठित संस्थाहरूलाई मात्र कम्पनीको शेयर बिक्री हुने गरी नेपाल सरकारले स्थापना गरेका र त्यसको नाफा-नोक्सान नेपाल सरकारले नै व्यहोर्ने गरी सञ्चालन भएका उद्योग प्रतिष्ठानहरूलाई नेपाल सरकारको स्वामित्व भएको उद्योग मानिन्छ । जस्तैः जनकपुर चुरोट कारखाना, उदयपुर सिमेण्ट आदि ।

२. **स्वदेशी निजी** : नेपाल सरकारको वा कुनै विदेशी पूँजी नलगाई एकलौटी वा सगोल वा संयुक्तरूपमा *पूर्ण रूपले स्वदेशको निजीक्षेत्रको पूँजीबाट नेपाली नागरिक वा कम्पनीद्वारा सञ्चालन गरिएको उद्योग प्रतिष्ठानलाई स्वदेशी निजी स्वामित्व भएको उद्योग मानिनेछ ।* जस्तैः सन्तोष ग्रिल उद्योग, हिक्मत तामा भाँडा उत्पादन उद्योग, हुलास स्टिल ईण्डष्ट्रिज, आदि ।

३. **विदेशी निजी** : *विदेशी सरकारको पूँजी नलगाई कुनै विदेशी नागरिक या कम्पनीको पूँजीद्वारा सञ्चालन गरिएका उद्योग प्रतिष्ठानहरूलाई विदेशी निजी स्वामित्व भएको उद्योग प्रतिष्ठान मानिन्छ* । जस्तैः मनकामना कृषि पाइप प्रा.लि. (पर्सा), साई गार्मेण्ट ईन्डष्ट्रिज प्रा.लि. (काठमाण्डौ), युनाइटेड ब्रुअरी प्रा.लि. (मकवानपुर) आदि।

४. **नेपाल सरकारसँग संयुक्त** : विदेशी नागरिक वा कम्पनीको निजी पूँजी र नेपाल सरकारको पूँजी मिलाएर खोलिएको वा नेपाल सरकारसमेत हिस्सेदार भई सञ्चालन भएको कुनै पनि उद्योग प्रतिष्ठानलाई नेपाल सरकारसँग संयुक्त स्वामित्व भएको भन्ने बुझ्नुपर्दछ । जस्तैः नेपाल ढलोट उद्योग (भक्तपुर), नेपाल चिया विकास निगम लिमिटेड (ईलाम), छङखु चिज उद्योग (दोलखा) आदि ।

५. **स्वदेशी निजी र विदेशी निजी** : स्वदेशी निजी र विदेशी निजी पूँजी मिलाएर खोलिएका उद्योग प्रतिष्ठानहरूलाई स्वदेशी निजी र विदेशी (निजी) उद्योगअन्तर्गत समावेश गर्नुपर्दछ । जस्तैः एशियन पेन्टस नेपाल प्रा.लि. (मकवानपुर), नेपाल लिभर लिमिटेड (मकवानपुर), बैजनाथ कत्था उद्योग (कञ्चनपुर) आदि ।

६. **अन्य (खुलाउने)** : माथि उल्लिखितबाहेक अन्य कुनै प्रकारको स्वामित्वको आधारमा उद्योग प्रतिष्ठानहरू सञ्चालन भएकामा अन्य स्वामित्व भएको उद्योगअन्तर्गत समावेश गर्नुपर्दछ । र कस्तो स्वामित्व अर्न्तगत भएको हो खुलाउनुपर्दछ ।

**प्रश्न १.१५ यस प्रतिष्ठानले निम्न बौद्धिक सम्पत्ति प्राप्त गरेको छ ?**

नेपाल सरकारले पेटेण्ट डिजायन र ट्रेडमार्क ऐन, २०२२ वनाएर बौद्धिक सम्पत्तीलाई व्यबस्थित गरेको छ । बौद्धिक सम्पत्तीलाई पेटेन्ट, डिजाइन र ट्रेडमाक गरि ३ भागमा वर्गीकरण गरिएको छ ।

१. **पेटेण्ट** : "पेटेण्ट" भन्नाले कुनै पदार्थ वा पदार्थ समूहको बनावट, सञ्चालन वा प्रसारको नयाँ उपाय वा तरीका सम्बन्धी वा कुनै नयाँ सिद्धान्त वा फर्मुलाद्वारा पत्ता लगाइएको कुनै उपयोगी आविष्कार सम्झनुपर्छ।

२. **डिजाइन** : "डिजाइन" भन्नाले कुनै प्रकारले तयार गरी बनाईएको वस्तुको छाँट रूप वा आकार सम्झनुपर्छ।

३. **ट्रेडमार्क** : "ट्रेडमार्क" भन्नाले कुनै फर्म, कम्पनी वा व्यक्तिले आफ्नो उत्पादित मालसामान वा आफूले प्रदान गर्ने सेवालाई अरूको मालसामान वा सेवाबाट फरक देखाउन प्रयोग गरिने शब्द, चिन्ह वा चित्र वा शब्द, चिन्ह र चित्र तिनै कुराको संयोग सम्झनुपर्छ।

यस प्रश्नमा लहर १ मा पेटेण्ट लहर २ मा डिजाइन तथा लहर ३ मा ट्रेडमार्क प्राप्त गरेको छ वा छैन भनी सोधिएको छ । यदि माथि उल्लेखित चिन्ह प्राप्त गरेको रहेछ भने सम्वन्धित महलमा कोड १ मा गोलो घेरा लगाउनुपर्दछ अन्यथा कोड २ गोलो घेरा लगाउनुपर्दछ ।

**प्रश्न १.१६ यस प्रतिष्ठानले निम्न गुणस्तरिय चिन्ह प्राप्त गरेको छ ?**

कुनै पनि प्रतिष्ठानले आफ्नो मुख्य मुख्य उत्पादीत वस्तुको International Organization for Standardization (ISO) वा नेपाल गुणस्तर प्रमाण चिन्ह प्राप्त गरेको हुन्छ । नेपाल गुणस्तर (प्रमाण-चिन्ह) ऐन, २०३७ को दफा ४ (ख) अनुसार नेपाल गुणस्तर परिषदले मान्यता दिएका प्रमाण पत्रहरुलाई नेपाल सरकारले मान्यता दिने भएकोले उद्योग प्रतिष्ठानहरुले त्यसता चिन्हहरु प्राप्त गरे नगरेको वारेमा सोधिएको छ । १ मा ISO 9001-2008 र २ मा ISO 14001-2004 तथा ३ मा एन. एस. (नेपाल गुणस्तर) चिन्ह प्राप्त गरेको छ वा छैन भनी सोधिएको छ । यदि माथि उल्लेखित चिन्ह प्राप्त गरेको रहेछ भने सम्वन्धित महलमा कोड १ मा गोलो घेरा लगाउनुपर्दछ अन्यथा कोड २ गोलो घेरा लगाउनुपर्दछ ।

## खण्ड २. प्रतिष्ठानको संगठन ढाँचा

प्रतिष्ठानहरु एकल वा दुई वा दुईभन्दा बढी उद्योग प्रतिष्ठानहरू एउटै मुख्य प्रशासनिक नियन्त्रण वा एउटै समूह (इन्टरप्राइजेज) द्वारा सञ्चालन भएका हुन्छन् । यसरी सञ्चालित ढाँचालाई नै प्रतिष्ठानको संगठन ढाँचा भनेको हो । प्रतिष्ठान र इन्टरप्राइजेज बीचको सम्वन्धले एउटै प्रशासनिक नियन्त्रणमा एक भन्दा वढी प्रतिष्ठानहरु सञ्चालनमा आएका हुन सक्दछन् । यस्तो अवस्थामा केही सूचनाहरु इन्टरप्राइजेज तहबाट संकलन गर्नु पर्नेहुन्छ । यसकारण प्रतिष्ठानको संगठन ढाँचा सम्वन्धि प्रश्न सोधिएको हो । यदी त्यस्तो कुनै इन्टरप्राइजेजको अलग्गै प्रशासनिक निकाय रहेछ भने सो निकायमा गई अलग्गै प्रश्नावली भर्नुपर्दछ ।

**प्रश्न २.१ यस प्रतिष्ठानको सांगठानिक ढाँचा कस्तो प्रकारको छ ?**

१. **एकल प्रतिष्ठान, कसैसंग आवद्ध नरहेको** : कुनै पनि प्रतिष्ठान अर्को कुनै पनि प्रतिष्ठान वा इन्टरप्राइजेज संग आवद्ध नरही एक्लै सञ्चालन मा रहेका उद्योग प्रतिष्ठानहरु यस अर्न्तगत पर्दछन् ।

२. **वहु प्रतिष्ठान भएको इन्टरप्राइजेजसंग आवद्ध** : कुनै एक प्रतिष्ठान अन्य प्रतिष्ठान वा इन्टरप्राइजेजसंग आवद्ध रही सञ्चालनमा रहेका छन भने त्यस्ता उद्योग प्रतिष्ठानहरु यस अर्न्तगत पर्दछन् । ती दुवै प्रतिष्ठानहरुका मुख्य उत्पादित वस्तु एकै किसिमका वा फरक फरक पनि हुन सक्दछन् । यदि कुनै प्रतिष्ठानको उत्पादन कार्यलाई सहजीकरणको लागि प्रशासनिक कार्य गर्ने अलग्गै अर्को कार्यालय रहेको छ भने त्यो प्रतिष्ठान लाई पनि यसै अर्न्तगत राख्नुपर्दछ ।

**प्रश्न २.२  यस प्रतिष्ठानसंग आवद्ध रहेको इन्टरप्राइजेजको नाम र ठेगाना के हो ?**

प्रश्न २.१ मा २ कोड आएकालाई मात्र यस प्रश्नमा सोध्नुपर्दछ । यस प्रतिष्ठान आवद्ध रहेको इन्टरप्राइजेजको नाम ठेगाना र फोन नम्वर लेख्नुपर्दछ । यदि कुनै प्रतिष्ठानको प्रशासनिक कार्य गर्ने कार्यालय प्रतिष्ठान भएको स्थान भन्दा अलग रहेछ भने सोको विवरण यसै प्रतिष्ठानको विवरणमा समावेस गर्नुपर्दछ । यदि समावसेग गर्ने सम्भव नभएमा अलग प्रतिष्ठानको रुपमा नै फाराम भर्नुपर्दछ । र यस प्रश्नावलीको खण्ड १७ को प्रश्न नम्वर १७.१ को कोड २ उल्लेख गर्नुपर्दछ । त्यसैगरी कुनै एउटा इन्टरप्राइजेजले एक भन्दा वढि प्रतिष्ठानहरुको प्रशासनिक तथा अन्य सहजिकरणकार्य गर्दछ भने सो इन्टरप्राइजेको विवरण अलग्गै भर्नुपर्दछ ।

**प्रश्न २.३  यस प्रतिष्ठानसंग आवद्ध रहेका इन्टरप्राइजेज (Enterprises) को विवरण**

यस प्रश्नमा यस प्रतिष्ठान आवद्धरहेको सवै किसिमका प्रतिष्ठानको नाम, प्रमुख औद्योगिक क्रियाकलाप र ठेगाना क्रमशः लेख्नुपर्दछ । यदि कुनै प्रतिष्ठानको मुख्यकार्यालयमात्र अन्यत्र रहेछ भने यी विवरणहरु भर्नुपर्दैन ।

## खण्ड ३.  प्रमुख औद्योगिक क्रियाकलाप

उद्योग प्रतिष्ठानले एक वा सोभन्दा बढी वस्तु उत्पादन गर्ने क्रियाकलाप गरेका हुन सक्दछन् । जस्तैः कुलदेव खाद्य उद्योगले धान कुट्ने, चिउरा कुट्ने, मकै, गहुँ, जौ, कोदो, आदि खाद्यान्नहरू पिँधेर पिठो उत्पादन गर्ने, तोरी पेलेर तेल निकाल्ने काम गर्दछ । यस्तो अवस्थामा जुन वस्तु उत्पादन गर्ने क्रियाकलाप प्रमुख हुन्छ सोही क्रियाकलाप उल्लेख गर्नुपर्दछ । यस शिर्षकमा प्रयोग हुने "प्रमुख क्रियाकलाप" भन्नाले प्रतिष्ठानले धेरै किसिमका वस्तु उत्पादन गरेको अवस्थामा **जुन उत्पादित वस्तुको कुल परिमाणको मूल्य बढी हुन्छ** सोही उत्पादित वस्तुसँग सम्बन्धित क्रियाकलापलाई बुझाउँदछ । माथि उल्लेखित विभिन्न क्रियाकलापहरु मध्ये सोहीअनुसारको वस्तुसँग सम्बन्धित काम प्रमुख क्रियाकलाप हुन्छ । जस्तैः दाङ्ग जिल्लामा अवस्थित एउटा जयमातादी फर्निचर उद्योगले घरायसी, कार्यालय, होटल रेष्टुरेण्ट आदिमा प्रयोग गर्नका लागि देहायअनुसारका कार्यहरू गर्दछ ।

- ✓ काठका फर्निचरहरू बनाउने र
- ✓ काठको ढोका, झ्याल, काठको च्याक, आदि

ख्याल राख्नुपर्ने कुरा के छ भने माथि उल्लेख गरेका दुई काममध्ये कुन चाहिँ काम वा क्रियाकलाप मुख्य काम हो सोही काम उल्लेख गर्नुपर्दछ । यदि घरायसी, कार्यालय, होटल रेष्टुरेण्ट, आदि स्थानमा प्रयोग हुने काठका फर्निचरहरू बनाउने हो भने उसको प्रमुख क्रियाकलाप घरायसी, कार्यालय, होटल रेष्टुरेण्ट आदि स्थानमा प्रयोग हुने काठका फर्निचरहरू बनाउने हुन्छ । यसरी प्रमुख क्रियाकलाप उल्लेख गर्दा नेपाल औद्योगिक व्यवसाय वर्गीकरणको खण्ड (Division), समूह (Group), वर्ग (Class) लाई संकेत गर्ने गरी पूर्णरूपमा स्पष्टसँग खुलाउनु पर्दछ ।

पुनश्चः एन.एस.आई.सी. लेखिएको चारवटा कोठामा लेख्नुपर्ने अङ्कहरू विभागमा नै लेखिने भएकोले खाली छाड्नुपर्दछ । त्यसैगरी प्रश्नावलीको जुनस्थानमा विभागीय प्रयोजनको लागि भनेर लेखिएको छ सो स्थानमा पनि केही नलेखि खाली नै छाड्नुपर्दछ ।

**उत्पादित वस्तु**

उत्पादित वस्तु उल्लेख गर्दा एउटा मात्र वस्तु उत्पादन गर्ने उद्योग भए सो वस्तुको नाम र एकभन्दा बढी वस्तु उत्पादन गर्ने उद्योगको हकमा सो उद्योगले उत्पादन गर्ने वस्तुहरूको कुल परिमाणको मुल्यको आधारमा क्रमानुसार उल्लेख गर्नुपर्दछ । यसमा CPC कोड लेख्ने ठाँउमा केही लेख्नुपर्दैन सो विभागिय प्रयोजनको लागि छोडिएको हो । यसरी उत्पादित वस्तु उल्लेख गर्दा त्यस उद्योग प्रतिष्ठानले उत्पादन गर्ने बस्तु स्पष्ट रुपमा खुल्नेगरी उल्लेख गर्नुपर्दछ । जस्तैः फर्निचर उद्योगले काठ चिरानको काम, झ्याल ढोकाको चौकस बनाउने काम साथै टेबुल, कुर्सि, खाट आदी जस्ता फर्निचर बनाउने काम गर्दछ भने उक्त बस्तुहरुको कुल विक्री परिमाणको मूल्यको आधारमा क्रमानुसार लेख्नुपर्दछ ।

## खण्ड ४. रोजगारी सम्बन्धी विवरण

उद्योगपति तथा सक्रिय साझेदार, परिवारका सदस्य वा तलब नलिने अन्य व्यक्ति तथा उद्योग प्रतिष्ठानमा काम गरेवापत नियमानुसार तलब, ज्याला, पारिश्रमिक नगदी वा जिन्सी पाउने व्यक्तिहरु पर्दछन । कर्मचारीको संख्या उल्लेख गर्दा २०६८ माघ १ गतेको दिन उत्पादनशिल, प्रशासकीय र प्राविधिक कार्यमा संलग्न व्यक्तिहरूको तथा संस्थागत ठेक्काका कर्मचारीहरुको संख्या छुट्टाछुट्टै उल्लेख गर्नुपर्दछ । कुनै कारणवश सो दिन उद्योग प्रतिष्ठान बन्द रहेको भए त्यसपछि लगत्तै खुलेको पहिलो दिनमा संलग्न कर्मचारीको संख्या लेख्नुपर्दछ । छोटो अवधिको बिदा, बिरामी बिदा, घर बिदा, सुत्केरी बिदा आदि लिई वसेको व्यक्तिलाई पनि कर्मचारीको संख्यामा राख्नुपर्छ । ठेक्का वा अन्य शर्तमा उद्योग प्रतिष्ठानकै कच्चापदार्थ उनीहरूले आफ्नै घरमा लगी शर्तअनुसारको काम सम्पन्न गर्ने व्यक्तिहरूलाई यसमा समावेश गर्नुहुँदैन किनकि ती व्यक्तिहरु उद्योग प्रतिष्ठानका वास्तविक कर्मचारी होइनन् । त्यो काम गरेवापतको रकम ६.०१ को पहिलो लहरमा उल्लेख गर्नुपर्दछ । **स्मरण रहोस कि यसमा तलव पाउने र नपाउने स्वदेशी र विदेशी सबै व्यक्तिहरूको संख्या जोड्दा १० वा सोभन्दा बढी हुनुपर्दछ** । यस प्रश्नावलीमा भर्नको लागि सजिलो होस् भनेर स्वदेशीहरुको लागि खण्ड ४.१ मा र विदेशीहरुको लागि खण्ड ४.२ मा सोधिएको छ । कुनै प्रतिष्ठानमा कम्तिमा १८० दिन कामगरेका वा स्थायी तलबी कर्मचारीहरु र कुल कार्य समयको कम्तिमा एक तिहाई समय काम गर्ने वेतलबी व्यक्तिहरुलाई नियमित कर्मचारीको रुपमा वुझ्नु पर्दछ । कुनै पनि शर्तमा उद्योग हाता भन्दा वाहिर काम गर्ने व्यक्तिहरु त्यस प्रतिष्ठानका नियमित कर्मचारी होइनन् । तिनीहरुको संख्या यहाँ उल्लेख गर्नुपर्दैन ।

**तलब :**

"कर्मचारीको तलब" भन्नाले उद्योग प्रतिष्ठानमा काम गरेवापत नियमानुसार पाउने नगद वा जिन्सी हो । कर्मचारीहरूले आफ्नो काम गरेको प्रत्येक महिना वा तोकेको अवधि वा काम सम्पन्न भए बमोजिम निश्चित समयमा तलब ज्याला पाउने हुन्छन । तलब खुलाउँदा सापटी र सञ्चय कोष कट्टी गर्नुभन्दा अघिको रकम उल्लेख गर्नुपर्दछ । कतिपय उद्योग प्रतिष्ठानहरूले आफ्ना कर्मचारीहरूलाई सञ्चय कोष कट्टी भएको रकम बराबर थप गरी सञ्चय कोष जम्मा गर्ने गरेका हुन्छन् त्यस्ता उद्योगसँग सम्बन्धित कर्मचारीहरूको तलब भन्नाले सञ्चय कोषमा थप गरिएको रकमलाई समेत समावेश गरी हुन आउने रकमलाई वास्तविक तलब मानी प्रश्नावली भर्नुपर्दछ । कुनै कर्मचारीको मासिक तलब ग्रेड भए ग्रेडसहित रू. १०,०००/- छ तर उसले तलब बुझ्दा रू २,०००/- सापटी लिएको रकम फिर्तास्वरूप कट्टी गर्नुका साथै १० प्रतिशत सञ्चय कोष कटाएर जम्मा रू. ७,०००/- मात्र प्राप्त गर्दछ भने उसको तलब खुलाउने महलमा मासिक रू. १०,०००/- को दरले

वर्षको रू. १,२०,०००/- हुन्छ । यदि उक्त उद्योग प्रतिष्ठानले सञ्चयकोष जम्मा गर्दा उद्योग प्रतिष्ठानको तर्फवाट थप १० प्रतिशत थप गरि जम्मा गरिदिन्छ भने उक्त कर्मचारीको मासिक तलब रू. ११,०००/- को दरले वर्षको रू. १,३२,०००/- हुन आउँछ । यस हरफमा तलब रू. हजारमा उल्लेख गर्नुपर्ने भएको हुनाले रू.१,३२,०००/- नलेखी १३२ मात्र लेख्नुपर्दछ । यदि कुनै कर्मचारीले तलबको सट्टामा जिन्सी प्राप्त गर्दछ भने उक्त जिन्सीलाई नगदमा रूपान्तरण गरी लेख्नुपर्दछ । यदि कुनै कर्मचारी त्यस प्रतिष्ठानको हातामा वसी कामको आधारमा ज्याला प्राप्त गर्दछ भने त्यस कर्मचारीलाई दिइएको रकम तलवको रुपमा पाएको मानि यहाँ उल्लेख गर्नुपर्दछ ।

**सुविधा :**

कर्मचारीहरूले काम गरेवापत तलब ज्यालाको अतिरिक्त अन्य सुविधाहरू पनि पाउन सक्दछन् । कर्मचारीहरूलाई तलब ज्यालामा समावेश नगरी दिइएका अन्य सबै नगदी वा जिन्सी भुक्तानीलाई सुविधामा समावेश गर्नुपर्दछ । जस्तैः कर्मचारीलाई दिइएको आवास सुविधा, लत्ताकपडा सुविधा, जिन्सी सुविधा, उपचार सुविधा, सवारी साधन सुविधा, कर्मचारी दुर्घटना बिमा, उपदान, बच्चाहरूको लागि दिइएका शैक्षिक खर्च, चाडपर्व खर्च आदि सुविधाहरूलाई सम्बन्धित हरफहरूमा वार्षिक एकमुष्ट रकम उल्लेख गर्नुपर्दछ ।

**तलव सुविधा अर्न्तगत समावेश हुने रकमहरु**

रोजगारीका आधारमा संलग्न कर्मचारीहरूलाई नेपाली र विदेशी अलग अलग खण्डमा ७ वटा शिर्षक अन्तर्गत विभाजन गरी परिभाषित गरिएको छ ।

१. **उद्योगपति तथा सक्रिय साझेदार** : "उद्योगपति तथा सक्रिय साझेदार" भन्नाले पारिश्रमिक नलिईकन उद्योग प्रतिष्ठानको कार्यमा सक्रियरूपले संलग्न रहने उद्योगपति तथा साझेदारहरूलाई सम्झनुपर्दछ र तिनीहरूको संख्या लिङ्गअनुसार पुरूष भएमा पुरूषको महलमा र महिला भएमा महिलाको महलमा उल्लेख गर्नुपर्दछ । यदि नेपाली कामदार भए खण्ड ४.१ को र विदेशी कामदार भए खण्ड ४.२ को उपयुक्त महलमा उल्लेख गर्नुपर्दछ ।

२. **परिवारका सदस्य वा अन्य व्यक्ति** : कुनै पनि प्रकारको पारिश्रमिक नलिई हप्ताको कम्तिमा १६ घण्टा ( साधारणतया काम गरिने समयको एक तिहाई) काम गर्ने गरी उद्योगपति तथा साझेदारका परिवारका सदस्य उद्योग प्रतिष्ठानको कार्यमा संलग्न भएका रहेछन् भने तिनीहरूको संख्यालाई यस महल अर्न्तगत लिङ्ग अनुसार यदि पुरुष नेपाली भए खण्ड ४.१ को पुरूषको महलमा र महिला भए महिलाको महलमा उल्लेख गर्नुपर्दछ तथा विदेशी भए खण्ड ४.२ को पुरूष भए पुरूषको महलमा र महिला भए महिलाको महलमा उल्लेख गर्नुपर्दछ ।

३. **व्यवस्थापक** : "व्यवस्थापक" भन्नाले उद्योग प्रतिस्ठानको मुख्य जिम्मेवारी वा अधिकार प्रयोग गर्ने पदमा रहेको व्यक्तिलाई सम्झनुपर्दछ । यस्तो व्यक्तिले पाउने तलब तथा सुविधा सम्बन्धित महलमा खुलाउनुपर्दछ ।

४. **प्रशासकीय कर्मचारी** : उद्योग प्रतिष्ठानको प्रशासनसम्बन्धी कार्य गर्ने, लेखा राख्ने तथा व्यवस्थापनसँग संलग्न रहेका कर्मचारीहरू, उद्योग प्रतिष्ठानको सुरक्षाका लागि राखिएका प्रतिष्ठानबाटै तलव खाने सुरक्षा गार्ड आदि प्रशासकीय कर्मचारी अन्तर्गत पर्दछन् । प्रशासकीय कर्मचारीको संख्या उल्लेख गर्दा लिङ्गअनुसार सम्बन्धित महलमा भर्नुपर्दछ । प्रशासकीय कर्मचारीहरूको तलब/ज्याला र सुविधा उल्लेख गर्नुपर्दा क्रमशः तलब भएको लहरमा र सुविधा लेखिएको महलमा तलब बाहेक प्राप्त गरेको सुविधावापतको रकम लिङ्गअनुसार छुट्याई सम्बन्धित महलमा उल्लेख गर्नुपर्दछ ।

५. **प्राविधिक कर्मचारी** : कुनै औपचारिक तालिम वा दक्षता प्राप्त गरेका कर्मचारीहरूलाई प्राविधिक कर्मचारीअन्तर्गत समावेश गर्नुपर्दछ । जस्तैः इन्जिनियर, डाक्टर, डिजाइनर, केमिष्ट, ओभरसियर आदि । **औपचारिक तालिम** प्राप्त नगरेका व्यक्ति यदि कुनै उद्योग प्रतिष्ठानले प्राविधिक भनी तोकेको छ भने त्यस्ता कर्मचारीहरूको संख्या यस महलअन्तर्गत उल्लेख गर्नुहुँदैन । ती कर्मचारीहरू उत्पादनशिल कर्मचारीअर्न्तगत पर्दछन् । प्राविधिक कर्मचारीको तलब र सुविधा सम्बन्धित महलमा संख्या र लिङ्ग छुट्याई उल्लेख गर्नुपर्दछ ।

६. **उत्पादनशील कर्मचारी (Operative Workers)** : "उत्पादनशील कर्मचारी" भन्नाले उद्योग प्रतिष्ठानको उत्पादनको कार्यमा सिधै संलग्न कर्मचारीहरू भन्ने बुझिन्छ । ठेक्का वा अन्य शर्तमा प्रत्यक्ष रूपमा उत्पादनसँग सम्वद्ध कर्मचारीहरू पनि यसै महलअन्तर्गत आउँछन् । साधारणतयाः उत्पादनशील कर्मचारी भन्नाले मेशिन अपरेटर, मिस्त्री, उत्पादन नियन्त्रक तथा उत्पादन कार्यमा प्रत्यक्ष रूपमा सघाउ पुऱ्याउने बुझिन्छ जस्तैः प्याकर्स । उत्पादनशील कर्मचारीको संख्या उल्लेख गर्दा संख्या छुट्याई लिङ्गअनुसार सम्बन्धित महलमा भर्नुपर्दछ । उत्पादनशील कर्मचारीहरूको तलब उल्लेख गर्नुपर्दा लिङ्गअनुसार कर्मचारीले पाउने खुद तलब तथा ज्याला सम्बन्धित महलमा उल्लेख गर्नुपर्दछ र सुविधाहरू उल्लेख गर्नुपर्दा तलब बाहेक प्राप्त गरेको अन्य रकम सम्बन्धित महलमा उल्लेख गर्नुपर्दछ ।

७. **संस्थागत करारमा आएका कर्मचारी** : संस्थागत करार गरी बाह्य स्रोतबाट लिइएका निम्न प्रकारका कर्मचारीहरु समावेश गरिएको छ :–

- सुरक्षा गार्डहरु
- सरसफाईका कर्मचारीहरु
- अन्य

कुनै प्रतिष्ठानमा आफ्नो पे रोलबाट तलब पाउने नियमित तलबी कर्मचारी वाहेक नियमित रुपमा काम गर्ने तर आफ्नो पे रोलबाट तलब नपाउने कर्मचारीहरु पनि हुन सक्छन् । त्यस्ता कर्मचारीहरु कुनै बाह्य स्रोतबाट लिइएको हुन्छ । यसरी बाह्य स्रोतबाट लिइएका कर्मचारीहरुमा सुरक्षा गार्डहरु, सरसफाइ गर्ने कर्मचारीहरु र अन्य कर्मचारीहरु हुन सक्छन् । ती कर्मचारीहरुको संख्या लिङ्ग खुलाएर यहाँ उपयुक्त महलमा उल्लेख गर्नुपर्दछ । यस्ता कर्मचारीहरु उपलब्ध गराउने कम्पनी यो गणनामा पर्दैनन् तर यो गणनामा गणना हुने प्रतिष्ठानले ती कम्पनीलाई वार्षिकरुपमा निश्चित रकम भुक्तानी गर्ने कबोल गरेको हुन्छ । त्यसरी गार्डहरु, सरसफाई गर्नेहरु र अन्यको लागि भुक्तनी गरिएको रकम एकमुष्ट रुपमा प्रश्न ६.०१ को पहिलो लहरमा उल्लेख गर्नुपर्दछ ।

## खण्ड ५. इन्धन सम्वन्धी विवरण

उद्योग प्रतिष्ठानले वस्तु तथा सेवा उत्पादन र प्रतिष्ठानको दैनिक कार्य सञ्चालन गर्ने क्रममा सन्दर्भ अवधिमा खरिद गरेका सबै प्रकारका इन्धन खरिद रकमको योगफल यस खण्डमा उल्लेख गर्नुपर्दछ । सन्दर्भ अवधिका विभिन्न मितिमा खरिद गरिएको इन्धनको दर फरक फरक रहेको हुन सक्दछ । यदि त्यस्तो फरक रहेको भएमा ती सबैथरी खरिद दरहरुको औषत निकालेर जम्मा खरिद परिमाण सोधी गुणा गरी सन्दर्भ अवधिको जम्मा खरिद रकमको हिसाब गर्नुपर्दछ । प्रतिष्ठानको कार्यालयको इन्धन खर्चसँग यदि घरायसी इन्धन खर्च समेत जोडिन सक्ने सम्भावना छ भने सो पक्षलाई ख्याल गरी घरायसी इन्धन खर्चलाई कटाउनु पर्दछ ।

**खण्ड ५.१ इन्धन खरिद**

प्रतिष्ठानले वस्तु तथा सेवाको उत्पादन र प्रतिष्ठानको दैनिक कार्य सञ्चालन गर्ने क्रममा सन्दर्भ अवधिमा खरिद गरेका सबै प्रकारका इन्धन खरिद रकमको योगफल यस खण्डमा उल्लेख गर्नुपर्दछ । यातायातका साधनको निम्ति प्रयोग हुने इन्धनसमेत यसमा पर्दछ ।

एकाईको महलमा सम्बन्धित इन्धनको तोकिएअनुसारको एकाई उल्लेख भइसकेको हुँदा उद्योग प्रतिष्ठानले खरिद गरेको इन्धनको एकाई फरक पर्न गएमा प्रश्नावलीमा नै लेखिएको एकाईमा रूपान्तरण गरी लेख्नुपर्दछ । यसरी उद्योग प्रतिष्ठानले उपभोगका लागि खरिद गरेको इन्धनको एकाई, परिमाण र रकम सम्बन्धित लहरको उपयुक्त महलमा लेख्नुपर्दछ । जस्तै : यदि कुनै ईंट्टा भट्टाले ईंट्टा पोल्नको लागि एक ट्रक पत्थर कोइला खरिद गरेको रहेछ भने ५.१.१ मा उक्त एक ट्रक खरिद परिमाणलाई क्वीण्टलमा रुपान्तरण गरी सो को परिमाण महल नं. ४ मा र रकम महल नं. ५ मा लेख्नुपर्दछ ।

यदि उद्योग प्रतिष्ठानले ५.१. १ देखि ५.१.७ मा उल्लेख भएका बाहेक अन्य इन्धन खरिद गरेको भए सो वापतको एक मुष्ट रकम रू. हजारमा ५.१.८ को महल नं ५ मा उल्लेख गर्नुपर्दछ । जस्तै : इन्धनको रूपमा मोविल, ग्रिज, भुस, पराल, आदि ।

**खण्ड ५.२ पानी खरिद र उत्पादन तथा विद्युत उत्पादन र बिक्रि**

उद्योग प्रतिष्ठानले तापशक्ति वा विद्युत उत्पादनको प्रयोजनका लागि आफैं उत्पादन गरी उपभोग गरेको वा बिक्री गरेको इन्धन यस अन्तर्गत पर्दछ । त्यसैगरि पानी उत्पादन वा खरिद गरेको पनि यसै खण्ड अर्न्तगत पर्दछ । विद्युत उत्पादन एवं बिक्रीमा एकाईको महलमा यूनिट उल्लेख गरिएको छ । यहाँ एक यूनिट भन्नाले सम्बन्धित उद्योग प्रतिष्ठानमा रहेको विद्युत प्राधिकरणको मिटर बक्समा जनाउने एक किलोवाट घण्टालाई जनाउँछ । यदि कुनै उद्योग प्रतिष्ठानले आफैंले जेनेरेटर राखेर विद्युत उत्पादन गरी आफ्नै उद्योगको लागि मात्र प्रयोग गरेको रहेछ भने सो विद्युतशक्तिको परिमाणको युनिट मात्र ५.२.३ को महल नं. ४ मा लेख्नुपर्दछ जसको रकम उल्लेख गर्नुपर्दैन । यदि कुनै उद्योग प्रतिष्ठानले विद्युतशक्ति आफैंले उत्पादन गरी अन्य कसैलाई जुनसुकै प्रयोजनको लागि बिक्री वितरण गरेको रहेछ भने त्यसवापत परिमाणको युनिट ५.२.४ को महल नं. ४ मा लेखी प्राप्त रकम महल नं. ५ मा लेख्नुपर्दछ । तर यदि कुनै उद्योग प्रतिष्ठानले सन्दर्भ वर्षमा उद्योग सञ्चालनार्थ विद्युत खरिद गरेको भए सो को परिमाण खण्ड ५.१ को प्रश्न ५.१.७ को महल नं. ४ र सो परिमाण खरिद वापत भुक्तानी गरेको रकम महल नं. ५ मा उल्लेख गर्नुपर्दछ ।

## खण्ड ६. औद्योगिक सेवावापत खर्च तथा प्राप्त आम्दानी

कतिपय उद्योग प्रतिष्ठानले उत्पादन कार्यमा प्रत्यक्ष संलग्न रहने सेवाहरू अन्य उद्योग प्रतिष्ठान वा व्यक्तिहरूलाई उपलब्ध गराएवापत/बिक्रि गरी आम्दानी प्राप्त गर्ने गर्दछ भने अर्कोतर्फ त्यस्ता सेवाहरू अन्य व्यक्ति वा प्रतिष्ठानहरूबाट पनि उद्योग प्रतिष्ठानहरूले लिनुपर्ने हुन्छ । आफ्नो प्रतिष्ठानले त्यस्तो किसिमको सेवा विभिन्न तरिकाले गर्न सक्ने र सोवापत प्राप्त हुने सम्पूर्ण रकमलाई नै औद्योगिक सेवावापतको आम्दानी मानिन्छ भने त्यस्ता सेवाहरू उक्त प्रतिष्ठानले लिएवापतका सम्पूर्ण खर्चहरू औद्योगिक सेवावापतको खर्चअर्न्तगत पर्दछन् । औद्यौगिक सेवावापतको खर्च र आम्दानीमा निम्नलिखित खर्च र आम्दानीहरू पर्दछन् ।

### ६.१ औद्योगिक सेवावापत खर्च

#### ६.१.१ ठेक्का वा अन्य शर्तमा अरूबाट काम गराएको खर्च

ठेक्कामा वा अन्य शर्तमा आफ्नो कच्चापदार्थ दिई अरूबाट प्रशोधन, रूपान्तरण वा उत्पादन गर्न दिएवापतको रकम उक्त उद्योग प्रतिष्ठानको खर्च महलमा उल्लेख गर्नुपर्दछ । जस्तैः महोत्तरी जिल्लाको एभरेष्ट सुगर एण्ड केमिकल ईन्डष्ट्रीजले झापा जिल्लाको केडिया सुगर मिलको १००० क्वीण्टल चिनी उत्पादन गर्न आवश्यक उखु तथा अन्य कच्चापदार्थ समेत दिई केडिया सुगरमिलले एभरेष्ट सुगर एण्ड केमिकल ईन्डष्ट्रीजलाई चिनी उत्पादन गर्न लगाएवापत तिरेको रकम केडिया सुगर मिलको खर्चअर्न्तगत उल्लेख गर्नुपर्दछ ।

#### ६.१.२ सालवसाली मर्मतसम्भार अरूबाट गराएको खर्च

सन्दर्भवर्ष भित्र उद्योग प्रतिष्ठानले भवन, मेसिन र उपकरणहरू लगायतका अन्य स्थायी सम्पत्तिहरूमा सानातिना टुटफुट भै मर्मत गर्न अन्य उद्योग प्रतिष्ठान, संघसंस्था, व्यक्तिलाई भुक्तानी दिएको रकम खर्च यस अर्न्तगत लेख्नुपर्दछ ।

#### ६.१.३ खरिद गरेको हालतमा बिक्री हुने खरिद गरेवापत खर्च

त्यस्ता सामानहरू जसलाई पुनः उत्पादन क्रममा नलगिकन खरिद गरेको हालतमै बिक्री गर्ने गरिन्छ त्यसलाई खरिद गरेको हालतमा बिक्री हुने वस्तु भनिन्छ । त्यस्ता वस्तु खरिद गर्दा लागेको रकम यस अर्न्तगत उल्लेख गर्नुपर्दछ ।

यदि भूदेव खाद्य उद्योगले चामल उत्पादन गर्नका लागि खरिद गरेको १००० क्वीण्टल धान विभिन्न कारणले गर्दा उसले ९०० क्विण्टल धानको मात्र चामल उत्पादन गऱ्यो र बाँकी १०० क्वीण्टल धानै बिक्री गरेको रहेछ भने उक्त १०० क्वीण्टल धान खरिद गरेको हालतमा बिक्री भएको वस्तु मानी यसै शिर्षकअर्न्तगत १०० क्वीण्टल धानको खरिद मूल्यलाई वार्षिक खर्च महलमा उल्लेख गर्नुपर्दछ तर उक्त १०० क्वीण्टल धानको खरिद रकम कच्चापदार्थको खरिद विवरणबाट घटाउनुपर्दछ ।

### ६.२ औद्योगिक सेवावापत प्राप्त आम्दानी

#### ६.२.१ ठेक्का वा अन्य शर्तमा अरूको काम गरिदिए वापत आम्दानी

ठेक्कामा वा अन्य शर्तमा अन्य उद्योग प्रतिष्ठानको कच्चापदार्थ लिई प्रशोधन, रूपान्तरण वा उत्पादन गरिदिए वापत प्राप्त हुने रकम आम्दानी महल अन्तर्गत पर्दछ । जस्तै : झापा जिल्लाको केडिया सुगर मिलले महोत्तरी जिल्लाको एभरेष्ट सुगर एण्ड केमिकल ईन्डष्ट्रीजको १००० क्वीण्टल चिनी उत्पादन गर्न आवश्यक उखु तथा अन्य कच्चापदार्थ समेत लिई चिनी उत्पादन गरी पुनः एभरेष्ट सुगर एण्ड केमिकल ईन्डष्ट्रीजलाई उत्पादित चिनी दिए वापत केडिया सुगर मिलले प्राप्त गरेको रकम केडिया सुगर मिलको आम्दानी महल अर्न्तगत उल्लेख गर्नुपर्दछ ।

### ६.२.२ सालवसाली मर्मतसम्भार अरूको गरिदिए वापत आम्दानी

सन्दर्भवर्ष भित्र उद्योग प्रतिष्ठानले अन्य उद्योग प्रतिष्ठान, संघसंस्था, व्यक्तिको भवन, मेसिन र उपकरणहरू लगायतका अन्य स्थायी सम्पत्तिहरूमा सानातिना टुटफुट भै मर्मत सम्भार गरिदिए वापत प्राप्त गरेको आम्दानी रकमलाई यस अर्न्तगत लेख्नुपर्दछ ।

### ६.२.३ खरिद गरेको हालतमा बिक्री हुने वस्तु विक्री गरे वापत आम्दानी

कुनै औद्योगिक प्रतिष्ठानले उत्पादन कार्यमा आवश्यक पर्ने वस्तु खरिद गरी उत्पादन क्रममा नलगिकन पुनः खरिद गरेको हालतमै बिक्री गर्ने गरिन्छ त्यसलाई खरिद गरेको हालतमा बिक्री हुने वस्तु भनिन्छ । त्यस्ता वस्तुको बिक्रीवाट प्राप्त रकम आम्दानी यस अर्न्तगत उल्लेख गर्नुपर्दछ ।

यदि माँ लक्ष्मी खाद्य उद्योगले चामल उत्पादन गर्नका लागि खरिद गरेको १००० क्वीण्टल धान विभिन्न कारणले गर्दा उसले ९०० क्विण्टल धानको मात्र चामल उत्पादन गऱ्यो र बाँकी १०० क्वीण्टल धानै बिक्री गरेको रहेछ भने उक्त १०० क्वीण्टल धान खरिद गरेको हालतमा बिक्री भएको वस्तु मानी यसै शिर्षकअर्न्तगत १०० क्वीण्टल धानको बिक्री मूल्यलाई वार्षिक आम्दानी महलमा अर्न्तगत उल्लेख गर्नुपर्दछ ।

## खण्ड ७. कच्चापदार्थको खरिद विवरण

उद्योग प्रतिष्ठानले उत्पादित वस्तु तयार पार्ने सिलसिलामा प्रयोग हुने वस्तुहरूलाई कच्चापदार्थ भनिन्छ । विभिन्न उद्योग प्रतिष्ठानको कच्चापदार्थ आ-आफ्नो उत्पादन अनुसार भिन्दाभिन्दै हुन सक्दछ । साथै कुनै वस्तु उत्पादन गर्नको लागि धेरै किसिमका कच्चापदार्थ प्रयोग गरिएको पनि हुनसक्दछ । उदाहरणको लागि चामल कुट्ने मिलको निमित्त धान कच्चापदार्थ हो भने चुरोट कारखानाको निम्ति चुरोट उत्पादन गर्दा प्रयोग हुने सुर्ति र कागज समेत कच्चापदार्थको रूपमा लिन सकिन्छ । त्यस्तै गार्मेण्ट उद्योगको कच्चापदार्थहरूमा कपडा, धागो, टाँक, हुक आदि हुन सक्छन् भने प्रिन्टिङ्ग प्रेसको लागि कागज, मसी आदि हुनसक्दछन् ।

वस्तुको विवरण खुलाउँदा लहर ७.०१ देखि ७.१४ सम्ममा खरिद गरेको मुख्य मुख्य कच्चापदार्थहरूको नाम क्रमानुसार उल्लेख गर्नुपर्दछ । यसरी क्रम छुट्याउँदा सबभन्दा बढी मात्रामा रकम भएको कच्चापदार्थलाई नं. ७.०१ मा र त्यसपछि क्रमानुसार अरू कच्चापदार्थ लेख्दै जानुपर्दछ । उक्त लहरसँग सम्बन्धित एकाईको महलमा खरिद गरिएको परिमाणको एकाई (जस्तैः के.जी., लिटर आदि) खुलाउनुपर्दछ । खरिद गरिएको रकम खुलाउँदा जुन खरिद गरिएको कच्चापदार्थ हो सो को कुल वार्षिक परिमाणको खरिद मूल्य, खरिद गरेको स्थानबाट उद्योग प्रतिष्ठानसम्म ल्याउँदा लागेको ढुवानी खर्च तथा सो कच्चापदार्थमा लागेका सम्पूर्ण करहरू (पैठारी महशुल, भ्याट पहिले नै लिने वस्तुमा मात्र र स्थानीय कर) समेत समावेश गरी उल्लेख गर्नुपर्दछ । माथि उल्लिखित लहरहरूमा समावेश हुन नसकेका अन्य कच्चापदार्थहरू खरिद गरिएको भए सो को एकमुष्ट रकम लहर ७.१५ को महल नं. ६ मा लेख्नुपर्दछ । जस्तै एक वर्षभन्दा कम खपत हुने सामान्य मेशिनरी, पाटपुर्जा, वस्तु राख्ने कन्टेनर, प्याक गर्नको लागि प्रयोग हुने सामान, आदि खरिद गरिएको भए ती सामाग्रीहरूको रकम एकमुष्टरूपमा ७.१५ को महल नं. ६ मा लेख्नुपर्दछ जसको एकाई तथा परिमाण उल्लेख गर्नुपर्दैन । **यसैगरी खरिदगरिएको कच्चापदार्थको परिमाण र रकम खुलाउँदा नेपाल वाहेक अन्य कुन देशबाट खरिद गरिएको हो सो देशको नाम महल ९ मा खुलाउनु पर्दछ । त्यस्तो खरिद गरिएको परिमाण र रकमलाई देश अनुसार अलग अलग सम्बन्धित महलहरूमा खुलाउनुपर्दछ ।** त्यसैगरी खरिद गरिएको कच्चापदार्थ कुन कुन देशबाट खरिद गरिएको हो सो समेत गणना गर्ने

सन्दर्भमा महल नं. २ मा उल्लेख गरिएको कच्चापदार्थको वार्षिक परिमाण र खरिद रकम क्रमशः महल नं. ५ देखि ११ सम्म रहेका सम्बन्धित परिमाण र रकमका महलहरूसँग तारतम्य भएको हुनुपर्दछ ।

*द्रष्टव्यः क. महल नं. ७ र १० मा उल्लेख भएका परिमाणको योग परिमाण र महल ५ को बार्षिक खरिद परिमाणको मात्रा बराबर हुनुपर्दछ साथै महल नं. ८ र ११ मा उल्लेख भएका रकमको योग रकम र महल ६ को बार्षिक खरिद रकम बराबर हुनुपर्दछ ।*

*ख. कुनै वस्तु उत्पादन गर्ने आशयका साथ खरिद गरिएको कच्चापदार्थ उत्पादन कार्यमा प्रयोग गरी बाँकी रहेको वा नगरी कच्चापदार्थ खरिद गरिएकै हालतमा बिक्री गरेको खण्डमा यस शिर्षकमा उल्लेख गर्नुहुँदैन । त्यस अवस्थामा उल्लिखित कच्चापदार्थको परिमाणको खरिद मूल्यलाई कच्चापदार्थ खरिद विवरण अर्थात शिर्षक ७ अन्तर्गतबाट कट्टा गरी सो को खरिद रकम खण्ड ६ को प्रश्न ६.१.३ को महल ३ मा उल्लेख गर्नुपर्दछ ।*

**यस खण्डमा महल ३ CPC कोड उल्लेख गर्नको लागि वनाइएको छ । उक्त महल तथ्यांक संकलनको समयमा भर्न पर्दैन सो प्रश्नावली विभागमा प्राप्त भए पछी विभागमा नै भरिने छ । तसर्थ कच्चा पदार्थ लेख्दा प्रस्ट र पुरा विवरण लेख्नुपर्दछ । जस्तै यदि कुनै दालमोठ उद्योगले कच्चापदार्थ घ्यू भनेको छ भने घ्यू मात्र नलेखि वनस्पति घ्यू वा गाई भैसीको घ्यू वा जनावरको वोसोको घ्यू के हो प्रस्ट लेख्नुपर्दछ । किनकी ती सवै घ्यूका अलग अलग CPC कोड हुन्छन् ।**

## खण्ड ८. उत्पादन र उत्पादित वस्तुको बिक्री

"उत्पादन" भन्नाले उद्योग प्रतिष्ठानले कच्चापदार्थको प्रशोधन तथा रूपान्तरण गरी तयार गरेको वस्तुलाई सम्झनुपर्दछ । यसअन्तर्गत प्रमुख उत्पादन र सहायक उत्पादनहरू सवैको विवरण उल्लेख गर्नुपर्दछ । उद्योग प्रतिष्ठानको कच्चापदार्थको प्रयोग गरी अरूबाट तयार पारिएको वस्तुलाई पनि यस शिर्षकमा समावेश गर्नुपर्दछ । साथै अर्धतयारी वस्तु बिक्री गरेको भएमा सो को विवरण पनि सम्बन्धित महल ८.१५ को अन्यमा उल्लेख गर्नुपर्दछ । यस प्रकार उत्पादित वस्तुहरूको विवरण लेख्दा ८.०१ देखि ८.१४ सम्ममा उत्पादन गरेको मुख्य मुख्य उत्पादनहरूको नाम उल्लेख गर्नुपर्दछ । यसरी क्रम छुट्याउँदा सबैभन्दा बढी मात्रामा (रकमको आधारमा) उत्पादन गरेको वस्तुलाई नं. ८.०१ मा उल्लेख गर्ने र त्यसपछि क्रमानुसार अरू उत्पादित वस्तुहरू लेख्दै जानुपर्दछ । उक्त लहरहरूसँग सम्बन्धित एकाईको महलमा उत्पादन गरिएको परिमाणको एकाई (जस्तैः के.जी., लिटर आदि) समेत खुलाउनुपर्दछ ।

**यसैगरी उत्पादित वस्तुमध्ये बिक्री गरिएको वस्तुको परिमाण र रकम खुलाउँदा नेपाल वाहेक अन्य कुन देशमा बिक्री गरेको भएमा अलग अलग देशको नाम उल्लेख गरी बिक्री गरेको परिमाण र रकमलाई अलग अलग सम्बन्धित महलहरूमा खुलाउनुपर्दछ ।** नेपालभित्र बिक्री भएको वस्तुहरूको परिमाण र रकमलाई नेपालमा भन्ने शिर्षकअन्तर्गतको महलमा उल्लेख गर्नुपर्दछ । उत्पादित वस्तुको बिक्री रकम उल्लेख गर्दा वस्तुहरूलाई उद्योग प्रतिष्ठानको कम्पाउण्ड बाहिर लैजानुअघि लागेका सम्पूर्ण करहरू समेत समावेश गरी उत्पादित वस्तुको मूल्य लेख्नुपर्दछ ।

उदाहरणको लागि चामल उद्योगको मुख्य उत्पादन चामल हो र सहायक उत्पादन ब्रान, भूस पनि छ भने सन्दर्भ समयको चामल, ब्रान र भूसको वार्षिक उत्पादनको परिमाण र बिक्री क्रमशः उल्लेख गर्नुपर्दछ । गार्मेण्ट

उद्योगको उत्पादनहरू जस्तैः शर्ट, पाइन्ट, टिसर्ट, आदि वस्तुको किसिम उल्लेख गरी विवरण भर्नुपर्दछ । यसैगरी दुग्धजन्य उद्योगको दुध, घ्यू, मख्खन, चीज, आदिको किसिम उल्लेख गरी विवरण भर्नुपर्दछ ।

*द्रष्टव्यः यदि अरू नै उद्योग प्रतिष्ठान वा व्यक्तिको कच्चापदार्थ प्रयोग गरी ठेक्का वा अन्य शर्तमा वस्तु उत्पादन गरी तयारी वस्तु फिर्ता गरिएको खण्डमा त्यस्ता उत्पादित वस्तु वा वस्तुहरूको नाम, परिमाण एवं रकम यस शिर्षकमा समावेश गर्नुहुँदैन । त्यस किसिमबाट प्राप्त गरेको आम्दानी खण्ड ६ को प्रश्न ६.२.१ को महल ३ मा उल्लेख गर्नुपर्दछ ।*

## खण्ड ९. मौज्दात

प्रतिष्ठानको लागि विभिन्न समयमा खरिद गरी प्रयोगमा नआएका सबै कच्चापदार्थ वा इन्धन, अर्धतयारी वस्तु, तयारी वस्तु आदि बाँकी रहेका सामानलाई मौज्दात भनिन्छ । यहाँ मौज्दात भन्नाले सन्दर्भवर्षको शुरू तथा अन्त्यमा रहेको मौज्दातलाई बुझ्नुपर्दछ । तसर्थ सन्दर्भवर्ष भन्दा अघिल्लो वर्ष बिक्री वा उत्पादनको लागि उपभोग गरेर बाँकी रहन आएका सामानहरु चालुवर्षमा शुरू मौज्दात हुन आउँदछ भने सन्दर्भवर्षको अन्तमा बिक्री वा उत्पादनको लागि उपभोग गरेर बाँकी रहन आएको सामानलाई सन्दर्भवर्षको अन्त्यको मौज्दात भनिएको छ । *यस गणनाको लागि २०६८ साल श्रावण १ गतेको मौज्दातलाई सन्दर्भवर्षको शुरूको मौज्दात र २०६९ साल आषाढ मसान्तको मौज्दातलाई सन्दर्भवर्षको अन्त्यको मौज्दात मानी गणना गर्नुपर्दछ ।*

मौज्दातको मूल्याङ्कन गर्दा दुई सिद्धान्त अपनाउने गरिन्छ ।

क. बाँकी मौज्दातको बजार मूल्य धेरै भएर खरिद मूल्य कम भएमा खरिद मूल्यबाट नै मूल्याङ्कन गर्नुपर्दछ ।

अर्थात, खरिद मूल्यका आधारमा (Cost Price Basis)

ख. मौज्दातको खरिद मूल्यभन्दा वर्तमान बजार मूल्य कम भएमा बजार मूल्यबाट मूल्याङ्कन गर्नुपर्ने हुन्छ ।

अर्थात, बजार मूल्यको आधारमा (Market Price Basis)

छोटकरीमा भन्नुपर्दा अन्तिम मौज्दातको परल मूल्य र बजार मूल्यमध्येमा जुन मूल्य थोरै हुन्छ त्यसैलाई आधार मानी मूल्याङ्कन गर्नुपर्दछ ।

जस्तै : २०६८ साल जेष्ठमा २०० क्वीण्टल गहुँ रू. ७००/- प्रति क्वीण्टलका दरले फ्लोरीङ्ग मिल रूपन्देहीले मैदा उत्पादन गर्नका लागि कच्चापदार्थको रूपमा खरिद गरेको रहेछ तर सोमध्ये ५० क्वीण्टल गहुँ २०६८ आषाढ मसान्तभित्र मैदा उत्पादन गर्न नभ्याएर बाँकी रहेछ । र हाल स्थानीय बजारमा गहुँको मूल्य रू. ६५०/- प्रति क्वीण्टल छ भने :

शुरुको (२०६८ श्रावण १ गतेको)मौज्दात रकम : ५०×६५० = रू. ३२,५०० वास्तविक मौज्दात हुन आउँछ । यसरी औद्योगिक गणनाको प्रश्नावलीको मौज्दातमा परिमाण उल्लेख नगरी मौज्दात परिमाणको कुल मूल्यलाई उल्लेख गर्नु पर्नेहुन्छ ।

उद्योग प्रतिष्ठानहरूमा निम्न बमोजिमका सामानहरू मौज्दातको रूपमा रहेका हुन सक्छन् ।

**९.०१ कच्चापदार्थ** : यस शिर्षकअन्तर्गत वस्तु उत्पादन गर्ने क्रममा प्रयोग हुने सबै प्रकारका (शिर्षक ७ मा उल्लेखित) कच्चापदार्थहरू, मेशिनरीका स-साना पार्टपूर्जा, कन्टेनर, प्याक गर्नको लागि प्रयोग हुने सामान, स्टेशनरी पोलिशिङका सामान आदि पर्दछन् । यसका साथै उद्योग प्रतिष्ठानको आफ्नै प्रयोगको लागि गरिने निर्माण, मर्मत कार्य आदिमा प्रयोग हुने कच्चापदार्थ समेत समावेश गर्नुपर्दछ । सन्दर्भ वर्षको शुरूमा तथा अन्त्यमा रहेका कच्चापदार्थको एकमुष्ठ मौज्दातको रकम क्रमशः ९.०१ को महल ३ र ९.०१ को महल ४ मा लेख्नुपर्दछ ।

**९.०२ इन्धन** : उद्योग प्रतिष्ठानले खरिद गरेको इन्धन (५.१.१ देखि ५.१.८ सम्म) उत्पादन कार्यमा प्रयोग भई बाँकी रहेको इन्धनको सम्बन्धमा सन्दर्भ समय भन्दा अगाडिको भएमा सन्दर्भवर्षको शुरूको मौज्दात वा प्रश्न ९.०२ को महल ३ मा र अन्त्यको मौज्दात भएमा सन्दर्भवर्षको अन्त्यको मौज्दात वा ९.०२ को महल ४ मा लेख्नुपर्दछ ।

**९.०३ अर्धतयारी वस्तु** : "अर्ध तयारी वस्तु" भन्नाले उद्योग प्रतिष्ठानले वस्तु उत्पादन गर्दा पूर्ण रूपमा तयार नभई केही अंश तयार गर्न बाँकी रहेको र त्यसलाई पूर्णतः तयार बनाउनको निमित्त उत्पादन प्रक्रियाको क्रममा पुनः लैजानु पर्ने भएमा त्यस्तो वस्तुलाई अर्धतयारी वस्तु सम्झनुपर्दछ । जस्तै : चिनी मिलमा उखुको रस, चामल कुट्ने मिलमा ननिफनेको चामल, फर्निचर उद्योगमा रङ्गरोगन नगरिएका वा अन्तिम रूप नदिइएका फर्निचर, आदिलाई अर्धतयारी वस्तु भनिन्छ । अत : यस्ता वस्तुको एकमुष्ठ मौज्दातको रकम लेख्दा सन्दर्भवर्षको शुरूमा रहेको मौज्दात ९.०३ को महल ३ मा र अन्त्यमा रहेको मौज्दात  ९.०३ को महल ४ मा उल्लेख गर्नुपर्दछ ।

**९.०४ तयारी वस्तु** : मौज्दातमा रहेको तयारी वस्तु भन्नाले उद्योग प्रतिष्ठानले पूर्ण रूपमा तयार गरेको उत्पादित वस्तु तर बिक्री भइ नसकेकोलाई सम्झनुपदर्छ । यी वस्तुहरू पूर्णतः तयार भै सकेको हुँदा सिधै बजारमा लैजान सकिन्छ । यस्ता तयारी वस्तुहरूको एकमुष्ठ रकम यकीन गरी सन्दर्भ वर्षको शुरूको मौज्दात भएमा ९ .०४ को महल नं. ३ र सन्दर्भ वर्षको अन्त्यको मौज्दात भएमा ९.०४ को महल नं. ४ मा उल्लेख गर्नुपर्दछ ।

**९.०५ खरिद गरेको हालतमा बिक्री हुने वस्तु** : खरिद गरिएको हालतमा बिक्री हुने वस्तुहरूको मौज्दात सन्दर्भ वर्षको शुरूमा भए ९.०५ को महल नं. ३ मा र सन्दर्भ वर्षको अन्त्यमा भए ९.०५ को महल नं. ४ मा उल्लेख गर्नुपर्दछ ।

**९.०६ अन्य** : माथि उल्लेखित मौज्दात अन्तर्गतका शिर्षकहरूमा नपरेका वस्तुहरू मौज्दातमा रहेका भए यसमा समावेश गर्नुपर्दछ ।

मौज्दातमा वस्तुहरूको प्रविष्टी (Posting) गर्दा पनि केही सिमाहरू आउँछन् जुन देहायअनुसार प्रष्ट हुनु आवश्यक छ ।

- अरूको स्वामित्वमा हस्तान्तरण भै सकेका तयारी वस्तुहरू पनि मौज्दातमा रहेको भएमा त्यस्तो वस्तुको रकम यहाँ उल्लेख गर्नुहुँदैन । ती वस्तुहरू बिक्री भै सकेको हुँदा शिर्षक ९ मा उत्पादन र उत्पादित वस्तुको बिक्री अर्न्तगत समावेश भईसकेको हुन्छ ।
- खरिद गरेको हालतमा बिक्री गर्ने उद्देश्यले खरिद गरिएका तयारी वस्तु ९.०४ अन्तर्गत पर्दैनन् ती वस्तुलाई ९.०५ मा उल्लेख गर्नुपर्दछ ।
- कुनै "क" भन्ने उद्योग प्रतिष्ठानको कच्चापदार्थ प्रयोग गरी "ख" भन्ने उद्योग प्रतिष्ठानले तयारी वस्तु उत्पादन गरी "क" लाई हस्तान्तरण गर्न बाँकी रहेको भएमा सो वस्तुको रकम "ख" भन्ने उद्योग

प्रतिष्ठानको मौज्दात शिर्षकमा राख्न हुदैन उक्त वस्तु “क” भन्ने उद्योग प्रतिष्ठानमा नै मौज्दातको रुपमा सम्बन्धित महलमा राखिनेहुँदा जुन उद्योग प्रतिष्ठानको कच्चापदार्थ प्रयोग भएको हो सोबाट बनेको उत्पादित वस्तु पनि सोही प्रतिष्ठानको नै स्वामित्व हुन्छ ।

## खण्ड १०. गैर औद्योगिक सेवावापतको खर्च

उद्योग प्रतिष्ठानको उत्पादनसँग प्रत्यक्ष सम्बन्ध नरहने तर उद्योग प्रतिष्ठानहरूलाई आवश्यक पर्ने अन्य सेवामुलक क्रियाकलापहरूमा भए गरेका खर्चहरू यस अन्तर्गत पर्दछन् । त्यस्ता सेवावापत गरेका खर्चहरूलाई देहाय बमोजिम वर्गीकरण गरि भर्नुपर्दछ ।

१०.०१ **जमिन भाडा** : कुनै उद्योग प्रतिष्ठानले कुनै अन्य व्यक्ति, संस्था वा उद्योग प्रतिष्ठानको स्वामित्वमा रहेको जमिन भाडामा लिई चलाएको रहेछ भने सो वापत भुक्तानी गरेको रकम यस महलमा उल्लेख गर्नुपर्दछ ।

१०.०२ **घर गोदाम तथा उपकरण भाडा** : कुनै उद्योग प्रतिष्ठानले कुनै अन्य व्यक्ति, संस्था वा उद्योग प्रतिष्ठानको स्वामित्वमा रहेको घर, गोदाम तथा उपकरणहरू भाडामा लिई चलाएको रहेछ भने सो वापत भुक्तानी गरेको रकम यस महलमा उल्लेख गर्नुपर्दछ ।

१०.०३ **यातायातको साधन भाडा** : कुनै उद्योग प्रतिष्ठानले कुनै अन्य उद्योग, संस्था वा व्यक्तिको स्वामित्वमा रहेको यातायातका साधन भाडामा लिई प्रयोग गरेको भएमा सो वापत तिरेको रकम यस महलमा लेख्नुपर्दछ ।

१०.०४ **अन्य भाडा** : कुनै उद्योग प्रतिष्ठानले कुनै अन्य उद्योग, संघ संस्था वा व्यक्तिको स्वामित्वमा रहेको माथि उल्लेखित १०.०१, १०.०२ र १०.०३ मा उल्लेख नभएका अन्य साधन वा वस्तु भाडामा लिई प्रयोग गरेको भएमा सो वापत तिरेको रकम यस महलमा लेख्नुपर्दछ ।

१०.०५ **उत्पादित वस्तुहरूको ढुवानी खर्च** : उत्पादित वस्तु उत्पादन स्थल देखि भण्डार वा गोदाम रहेको स्थलसम्म ल्याउँदा वा उत्पादित वस्तु निर्धारित स्थानसम्म ढुवानीवापत लागेको रकम यस अन्तर्गत समावेश गर्नुपर्दछ । *तर वस्तु ढुवानी गर्दा उद्योगले आफ्नै यातायात साधन प्रयोग गरेको रहेछ भने त्यस्तो खर्च यस महलमा समावेश* हुँदैन ।

१०.०६ **निर्जिवन विमा/प्रिमियम** : उद्योग प्रतिष्ठानले वस्तुहरूको उत्पादन र यसको वितरण पक्षसँग सम्बन्धित जुनसुकै शिर्षकअन्तर्गत विमा शुल्क भुक्तानी गरेको रहेछ भने त्यस्तो रकम यस महलमा लेख्नुपर्दछ । *तर कर्मचारीको बिमाको रकम यहाँ उल्लेख गर्नुहुँदैन त्यस्तो रकम रोजगार सम्बन्धी विवरणको सुबिधाअन्तर्गत पर्दछ ।*

१०.०७ **संचार खर्च** : उद्योग प्रतिष्ठानले आफ्नो कार्यको सिलसिलामा भुक्तानी गरेको संचार सम्पर्क अन्तर्गत खर्च (जस्तै हुलाक, कुरियर टेलिफोन, टेलेक्स, ईमेल, इन्टरनेट खर्च आदि) यस महलमा लेख्नुपर्दछ ।

१०.०८ **छपाई एवं स्टेशनरी खर्च** : यस अन्तर्गत उद्योग प्रतिष्ठानले सन्दर्भ वर्ष भित्र भुक्तानी गरेको छपाई खर्च ( जस्तै विल, भौचर, आदि स्टेशनरी सामानहरू खरिद गर्दा भुक्तानी गरिएको खर्चहरू) पर्दछन् ।

१०.०९ **सल्लाहकार तथा लेखापरीक्षण वापतको खर्च** : उद्योग प्रतिष्ठानले आफ्नो उद्योगसँग सम्बन्धित कुनै प्रकारको कानूनी, प्राविधिक, आदि सल्लाह लिएवापत दिइएको भुक्तानी रकम तथा लेखापरिक्षण गराएवापत तिरेको रकम यस महलअन्तर्गत समावेश गर्नुपर्दछ ।

**१०.१० एजेण्टलाई दिएको कमिशन तथा व्यापार सहुलियत** : यदि कुनै उद्योग प्रतिष्ठानले आफ्नो उत्पादन बिक्री वितरण गर्नको लागि एजेण्ट नियुक्त गरेको रहेछ भने त्यस्ता एजेण्टहरूलाई दिएको कुल कमिशन र व्यापार प्रवर्द्धनको सिलसिलामा सम्वद्ध व्यक्तिलाई व्यापार सहुलियत प्रदान गरेको रहेछ भने सो वापत हुने रकम पनि एक मुष्ट रूपमा यस महलमा उल्लेख गर्नुपर्दछ ।

**१०.११ प्रचारप्रसार तथा अन्य बिक्री प्रवर्द्धन गर्ने खर्चहरू** : उद्योग प्रतिष्ठानले आफ्नो उत्पादित वस्तुहरूको बिक्री प्रवर्द्धनको लागि रेडियो, टेलिभिजन, पत्र पत्रिका, आदिबाट विज्ञापन गराएवापत भुक्तानी दिएको रकमहरू यसमा उल्लेख गर्नुपर्दछ ।

**१०.१२ रोयल्टी, पेटेन्ट, डिजाइन तथा ट्रेडमार्क खर्च** : उद्योग प्रतिष्ठानले कुनै पनि अख्तियारवालाको लोगो वा ट्रेडमार्क, फर्मुला, लाईसेन्स, आदि प्रयोग गरेवापत तिरेको रकम र राष्ट्रिय सम्पत्ति जस्तै खानी, नदी (वालुवा, ढुङ्गा) आदि प्रयोग गरेवापत तिरेको रोयल्टी रकम यस महलमा उल्लेख गर्नुपर्दछ । यस शिर्षक अन्तरगत वर्षेनी वुझाउने शुल्कहरु पर्दछन् । यदि कुनै प्रतिष्ठानले आफ्नै पेटेन्ट, डिजाइन तथा ट्रेडमाक प्राप्त गरेको रहेछ भने सो त्यस कम्पनीको स्थायी सम्पतीकारुपमा मानिन्छ र सो वापतको लागत वा प्रचलित मुल्य  खण्ड १३.स्थायी सम्पत्तिको विवरणको लहर १३.१० मा उल्लेख गर्नुपर्दछ ।

**१०.१३ भ्रमण खर्च** : उद्योग प्रतिष्ठानको नियमित कामको सिलसिलामा उद्योग प्रतिष्ठानको कर्मचारी वा अन्य कुनै व्यक्तिलाई भ्रमणमा पठाउँदा भुक्तानी दिइएको रकमलाई यस महलमा समावेश गर्नुपर्दछ ।

**१०.१४ अन्य खर्च** : माथि गैर औद्योगिक सेवावापतका खर्च शिर्षकअन्तर्गत १०.०१ देखि १०.१३ भित्र नपरेका अन्य गैर औद्योगिक खर्चहरू यसमा समावेश गर्नुपर्दछ । जस्तैः अतिथी सत्कार, चन्दा, उपहार, पुरस्कार आदि ।

## खण्ड ११. गैर औद्योगिक सेवाबाट प्राप्त रकम

**११.०१ जमिन भाडा** : उद्योग प्रतिष्ठानको स्वामित्वमा रहेको जमिन अन्य कुनै व्यक्ति, संस्था वा उद्योग प्रतिष्ठानले भाडामा लिएको रहेछ सो दिएवापत प्राप्त गरेको आम्दानीलाई यसमा उल्लेख गर्नुपर्दछ ।

**११.०२ घर, गोदाम तथा उपकरणहरू भाडा** : यदि कुनै उद्योग प्रतिष्ठानले आफ्नो स्वामित्वमा रहेको घर, गोदाम, जग्गा तथा उपकरणहरू भाडामा दिएको रहेछ भने सो वापत प्राप्त रकम यस महलमा लेख्नुपर्दछ ।

**११.०३ यातायातको साधन भाडा** : यदि कुनै उद्योग प्रतिष्ठानले आफुसँग रहेको यातायातका साधन अन्य व्यक्ति वा उद्योगलाई भाडाको शर्तमा प्रयोग गर्न दिएको रहेछ भने सोबाट प्राप्त रकम यस महलमा लेख्नुपर्दछ ।

**११.०४ अन्य भाडा** : कुनै उद्योग प्रतिष्ठानले आफ्नो स्वामित्वमा रहेको माथि उल्लेखित ११.०१, ११.०२ र ११.०३ मा उल्लेख नभएका अन्य साधन वा वस्तु अरु उद्योग प्रतिष्ठान, संघ सस्था वा व्यक्तिलाई भाडामा दिई सो वापत प्राप्त रकम यस महलमा लेख्नुपर्दछ ।

**११.०५ एजेन्सी कमिशनबाट प्राप्त रकम** : यदि कुनै उद्योग प्रतिष्ठान कुनै व्यक्ति वा अन्य उद्योग प्रतिष्ठानको एजेण्ट भई काम गर्दो रहेछ भने त्यस्तो कार्यबाट प्राप्त कमिशन रकम यस महलमा लेख्नुपर्दछ ।

**११.०६ सरकारबाट प्राप्त आर्थिक अनुदान** : यदि कुनै उद्योग प्रतिष्ठानले सन्दर्भ वर्षभित्र कुनै प्रकारका आर्थिक अनुदान प्राप्त गरेको रहेछ भने वर्षभरिमा प्राप्त गरेको त्यस्तो आर्थिक अनुदान जोडी यस महलमा उल्लेख गर्नुपर्दछ ।

**११.०७ निर्यातमा छुट भएको रकम** : यदि कुनै उद्योग प्रतिष्ठानले कच्चापदार्थ, अर्धतयारी र तयारी वस्तु निर्यात गर्ने क्रममा नेपाल सरकारबाट कुनै पनि प्रकारको छुट भएको रहेछ भने त्यस्तो छुटबाट प्राप्त रकम यस महलमा लेख्नुपर्दछ ।

**११.०८ निंजीवन विमाबाट प्राप्त रकम** : यदि कुनै उद्योग प्रतिष्ठानले निंजीवन विमा गरेको अवस्थामा सो वापत क्षतिपूर्ती रकम सन्दर्भ अवधि भित्र प्राप्त रहेको रहेछ सो प्राप्त रकम यस महलमा लेख्नुपर्दछ ।

**११.०९ अन्य प्राप्त रकम** : माथि उल्लेखित शिर्षकहरू भन्दा बाहेकका अन्य कुनै रकम प्राप्त गरेको रहेछ भने त्यस्तो आम्दानी यस महलमा उल्लेख गर्नुपर्दछ । जस्तैः दान, चन्दा, पुरस्कार, क्षतिपूर्ति, आदि ।

## खण्ड १२. अप्रत्यक्ष कर

उद्योग प्रतिष्ठानले तिरेको वा संकलन गरेको अप्रत्यक्ष करहरू यस शिर्षकअर्न्तगत पर्दछन् । ती करहरूलाई यस प्रकार विभाजन गरिएको छ ।

**१२.०१ मूल्य अभिवृद्धि कर** (**VAT**) : उद्योग प्रतिष्ठानले आफ्नो उत्पादित वस्तु वा अन्य वस्तु बिक्री गर्दा सङ्कलन गरेको रकम वा नेपाल सरकारलाई तिरेको **VAT** रकम यसअर्न्तगत पर्दछ । उद्योग प्रतिष्ठानले सन्दर्भ वर्षमा कति **VAT** रकम नेपाल सरकारलाई बुझाएको हो सो रकमलाई १२.०१ को महल नं. ३ मा र जम्मा कति **VAT** रकम सङ्कलन गरेको हो सो रकमलाई १२.०१ को महल नं. ४ मा उल्लेख गर्नुपर्दछ ।

**१२.०२ अन्तशुल्क** : उद्योग प्रतिष्ठानबाट उत्पादन हुने कतिपय वस्तुहरू माथि लाग्ने अन्तशुल्क करवापत भुक्तानी दिएको रकम यसअन्तर्गत पर्दछ ।

**१२.०३ निर्यात महसुल** : उद्योग प्रतिष्ठानद्वारा उत्पादन गरेका उत्पादित वस्तुहरू स्वदेश बाहिर भारत लगायत अन्य मुलुकमा निर्यात (Export) गर्दा तिर्नुपर्ने भन्सार महशुललाई निर्यात महसुल भनिन्छ । यदि उद्योग प्रतिष्ठानले उक्त रकम तिरेको रहेछ भने यसमा उल्लेख गर्नुपर्दछ ।

**१२.०४ आयात** (**पैठारी**) **महसुल** : उद्योग प्रतिष्ठानहरूद्वारा भारत वा तेस्रो मुलुकबाट कच्चापदार्थ नेपालमा आयात गर्दा तिर्नुपर्ने भन्सार महशुललाई आयात/पैठारी (Import) महसुल अर्न्तगत समावेश गर्नुपर्दछ ।

**१२.०५ अन्य अप्रत्यक्ष कर** : **VAT**, अन्तशुल्क, आयात, निर्यात महशुल बाहेक अन्य अप्रत्यक्ष करवापत जस्तै स्थानिय कर आदि उद्योग प्रतिष्ठानले भुक्तानी गरेको भएमा त्यस्तो रकमलाई यस महलमा उल्लेख गर्नुपर्दछ ।

## खण्ड १३. स्थायी सम्पत्तिको विवरण

"स्थायी सम्पत्ति" भन्नाले बिक्री गरी फाइदा उठाउने उद्देश्य नलिई केवल उद्योग प्रतिष्ठानको उत्पादन, बिक्री वितरण तथा तत्सम्बन्धी अन्य कार्य सञ्चालनको लागि सञ्चय गरिएका एक वर्षभन्दा बढी खप्ने भौतिक तथा वौद्धिक सम्पत्ती लाई जनाउँदछ । स्थायी सम्पत्तिको खरिद रकम लेख्दा उक्त सम्पत्ति उद्योग प्रतिष्ठानसम्म ल्याई जडान गर्दा लागेको खर्च र कर महशुल आदि लागेकोमा सो समेत समावेश गरी एक मुष्ट खुलाउनु पर्दछ ।

### महल १. सन्दर्भ वर्षको शुरूमा रहेको स्थायी सम्पत्तिको लागत

सन्दर्भ वर्षको शुरूमा उद्योग प्रतिष्ठानमा रहेको माथि उल्लेखित स्थायी सम्पत्तिको लागत सम्बन्धित महलमा लेख्नुपर्दछ । जस्तै : जमिनको सन्दर्भ वर्षको शुरूको लागत मुल्य १३.०१ को महल १ मा उल्लेख गर्नुपर्दछ ।

**महल २. नयाँ सम्पत्ति खरिद गरिएको भए सोको लागत**

माथि उल्लेखित स्थायी सम्पत्तिमा सन्दर्भ वर्षभित्र नयाँ सम्पत्ति खरिद गरिएको भएमा खरिद गरिएको सम्पत्तिको लागत यस महलमा लेख्नुपर्दछ ।

**महल ३. प्रयोग गरिएको सम्पत्ति थप गरिएको भए सोको लागत**

माथि उल्लेखित स्थायी सम्पत्तिमा सन्दर्भ अवधिभित्र प्रयोग भई सकेको कुनै स्थायी सम्पत्ति थप गरिएको भए यस महलमा लेख्नुपर्दछ । जमिनको हकमा जमिनलाई प्रयोग गरिएको सम्पत्तिको रुपमा लिनुहुदैन । तसर्थ प्रश्न १३.०१ को जमिनको कोठामा कालो पोतिएको ले यस महलमा लेख्नु पर्दैन ।

**महल ४. पूँजीगत मर्मत सम्भार गर्दाको लागत**

सामान्यतया “पूँजीगत मर्मतसम्भार” भन्नाले स्थायी सम्पत्तिभित्र पर्ने साधनहरूको आयु बढाउने मर्मतलाई बुझ्नुपर्दछ । प्रतिष्ठानमा रहेका विभिन्न स्थायी सम्पत्तिहरूमा प्रमुख सुधार, मर्मतसम्भार र जिर्णोद्धार अरूबाट गराउँदा लागेको लागत यस महलमा लेख्नुपर्दछ । यदि जमिनलाई आवश्यकताअनुसार मिलाउदा खर्च भएको रहेछ भने सो रकम पनि यसै महलमा उल्लेख गर्नुपर्दछ ।

**महल ५. आफ्नै प्रयोगको लागि आफ्नै श्रमशक्तिबाट उत्पादित स्थायी सम्पत्तिको रकम**

उद्योग प्रतिष्ठानले प्रयोग गरेको स्थायी सम्पत्तिमा आफ्नो श्रमशक्ति लगाई मर्मतसम्भार र जिर्णोद्धार गरेको हुनसक्छ । त्यस्तो काम अन्य कसैवाट गराउँदा लाग्ने अनुमानित रकम यस महलमा लेख्नुपर्दछ ।

**महल ६. स्थायी सम्पत्ति बिक्रीबाट प्राप्त रकम**

स्थायी सम्पत्तिको विवरणमा परिभाषित गरिए अनुसारको सम्पत्ति बिक्रीबाट प्राप्त रकम यस महलमा लेख्नुपर्दछ । यस प्रकारको रकम खुलाउँदा उद्योग प्रतिष्ठानले खुद प्राप्त गरेको रकमलाई लिनुपर्दछ ।

**महल ७. दैवी प्रकोप तथा अन्य कारणबाट स्थायी सम्पत्तिको क्षति**

दैवी प्रकोपबाट माथि उल्लेखित कुनै पनि स्थायी सम्पत्तिको क्षति हुन गएमा सो क्षति बराबरको मूल्य यस महलमा सम्वन्धित शिर्षकको रकम उल्लेख गर्नुपर्दछ । सम्पत्तिको अवस्था हेरी सन्दर्भ अवधिमा रहेको बजारको प्रचलित मूल्य अनुसारको रकम लेख्नुपर्दछ ।

**महल ८. वार्षिक ह्रास कट्टीको कुल रकम**

उद्योग प्रतिष्ठानमा प्रयोग भईरहेको स्थायी सम्पत्तिको लागतमा वार्षिक ह्रास कट्टिदर (Depreciation) बाट हुन आउने वार्षिक रकम सम्बन्धित महलमा लेख्नुपर्दछ । ह्रास कट्टि गर्दा सन्दर्भ वर्षको शुरूमा रहेको स्थायी सम्पत्ति र वर्ष भरिमा थप हुन आएको स्थायी सम्पत्ति समेतको प्रचलित ह्रास कट्टि दर प्रयोग गर्नु पर्दछ । र थप हुन आएको स्थायी सम्पत्तिको ह्रास कट्टि सन्दर्भ वर्ष भित्र प्रयोग गरिएको समयअनुसार समानुपातिक रूपबाट निकाली राख्नुपर्दछ ।

**१३.०१ जमिन** : प्रतिष्ठानको कम्पाउण्डभित्र रहेको खाली जमिनको क्षेत्रफल (उत्पादनको सिलसिलामा बनेका घर, गोदाम, चमेनागृह, प्रशासनिक कार्यालय, आदिले ओगटेको जमिनबाहेक अन्य जमिन) को मूल्य यस शिर्षकअन्तर्गत राख्नुपर्दछ । तर कच्चापदार्थ उत्पादन गर्न प्रयोग गरिएको जमिनलाई यस उद्योग प्रतिष्ठानको स्वामित्वमा रहेको भए पनि यसमा समावेश गर्नुहुँदैन ।

१३.०२ **भवन तथा अन्य निर्माण** : यसअन्तर्गत उद्योग प्रतिष्ठानको उत्पादन कार्यको लागि प्रयोग भई रहेका भवन (गोदाम घर, कार्यालय भवन, कारखानाको भवन, भण्डार, विश्राम घर, कर्मचारी आवासीय घर, आदि समेत) समावेश गर्नुपर्दछ । तर यस्ता भवन तथा अन्य निर्माण उद्योग प्रतिष्ठानको परिसरभित्र रहन आवश्यक पर्दछ । उद्योग प्रतिष्ठानले भाडामा वा बन्धकमा लिई राखेको भए त्यस्ता भवन यहाँ समावेश गर्नुहुँदैन । भवनहरूको मूल्याङ्कन गर्दा भवनहरू र भवनले ओगटेको जमिनको क्षेत्रफलको समेत मूल्याङ्कन गर्नुपर्छ ।

१३.०३ **मेशीनरी र अन्य उपकरण** : उत्पादन कार्यको लागि प्रयोग हुने उद्योग प्रतिष्ठानको स्वामित्वमा रहेका सवै किसिमका मेशीन, पार्टपूर्जा र मर्मत सम्भार गर्दा प्रयोग गरिने उपकरण यस शिर्षकअन्तर्गत पर्दछन् । उदाहरणको निमित्त क्रेन, अन्य यन्त्रहरू, विद्युत मोटर, जेनेरेटर, आदि जस्ता सामानहरू यसमा समावेश गर्नुपर्दछ । तर भाडामा ल्याएका मेशीनरीका सामानहरू यसअन्तर्गत समावेश गर्नुहुँदैन ।

१३.०४ **कम्प्युटर र सोसम्वन्धी उपकरण** : उत्पादन कार्यको लागि प्रयोग हुने उद्योग प्रतिष्ठानको स्वामित्वमा रहेका कम्प्युटर र सो सम्वन्धी सामानहरू यस शिर्षकअन्तर्गत पर्दछन् । तर कम्प्युटरको सफ्टवयर यसमा समावेश गर्नु पर्दैन ।

१३.०५ **यातायातका साधन** : उद्योग प्रतिष्ठानको स्वामित्वमा रहेका सबै आवागमन तथा ढुवानी साधनहरूलाई यातायातका साधन सम्झनुपर्दछ । जस्तैः ट्रक, मोटरसाइकल, साईकल, रिक्सा, गाडा, आदि । तर भाडामा लिई राखेका यातायातका साधनहरू यसमा समावेश गर्नुहुँदैन ।

१३.०६ **फर्निचर** : यसअन्तर्गत उद्योग प्रतिष्ठानको उत्पादन र प्रशासनिक कार्यमा प्रयोग भई रहेका फर्निचर, कुर्सी, टेबुल, दराज, आदि पर्दछन् ।

१३.०७ **अनुसन्धान तथा विकास खर्च** : उद्योग प्रतिष्ठानले आफ्नो उद्योग प्रतिष्ठानको लागि कुनै अध्ययन अनुसन्धान गराएको रहेछ भने त्यस प्रतिष्ठानको वौद्धिक सम्पत्तीको रुपमा मानिन्छ । त्यसमा लागेको रकम यस महल अर्न्तगत राख्नु पर्दछ । यदि त्यस्तो अध्ययन अनुसन्धान आफ्नै कर्मचारीद्वारा गरिएको रहेछ भने सो को रकम महल ५ मा लेख्नुपर्दछ ।

१३.०८ **खनिज तथा उत्खनन् र मूल्यांकन** : उद्योग प्रतिष्ठानले आफ्नो प्रतिष्ठानको लागि प्राकृतिक धातु, ग्याँस, पेट्रोलियम पदार्थ आदिको उत्खनन् गरेको लगानीलाई सम्पत्तिको रुपमा SNA 2008 ले परिभाषित गरेको हुनाले सो अन्तरगतका रकम यसमा समावेस गर्नुपर्दछ । यस शिर्षक अन्तरगत खनिज तथा उत्खनन् र मूल्यांकन सम्बन्धी अध्ययन अनुसन्धानमा भएको रकम समेत समावेश गर्नु पर्दछ ।

१३.०९ **सफ्टवेयर तथा डाटा वेस** : उद्योग प्रतिष्ठानको आफ्नो उद्योग प्रतिष्ठानको लागि सफ्टवेयर तथा डाटा वेस खरिद वा तयार गरेको रहेछ भने सो को खर्च यस शिर्षकमा समावेस गर्नुपर्दछ ।

१३.१० **डिजाइन, पेटेन्ट तथा ट्रेडमार्क** : उद्योग प्रतिष्ठानको आफ्नो प्रतिष्ठानको लागी वजार वढाउन तथा उत्पादन वढाउनको लागि आफ्नै प्रतिष्ठानको डिजाइन, पेटेन्ट तथा ट्रेडमार्क हरुको अधिकार प्राप्त गरेको रहेछ भने सो प्राप्तगर्दा वा सो सम्पति विक्री गर्दा सन्दर्भ अवधिमा प्राप्तहुन सक्ने मुल्य लाई यसमा समावेस गर्नुपर्दछ । डिजाइन, पेटेन्ट तथा ट्रेडमार्क कल्पना तथा सृजनाबाट प्राप्तहुने हुदा यसलाई वौद्धिक सम्पतीको रुपमा परिभाषित गरिन्छ ।

**१३.११ अन्य :** यसअन्तर्गत माथि उल्लेख नभएका अन्य स्थायी सम्पत्तिहरूको रकम एकमुष्ट रूपमा खुलाउनुपर्दछ । जस्तै : मूल्यवान वस्तुहरू (उद्योगका कोठामा सजावटका लागि राखिएका तस्वीरहरू, जमिनका लगाइएका रूखहरू) आदि ।

## खण्ड १४. उत्पादन क्षमताको उपयोग

कुनै उद्योग प्रतिष्ठानको उत्पादन क्षमता उपभोग जानकारीको लागि सञ्चालन दिन, सिफ्ट र औषत कामको घण्टा अवगत हुन जरुरी हुन्छ । सोही प्रकार यस खण्डमा पनि उत्पादन क्षमताका प्रश्नहरु सोधिएका छन् ।

**१४.०१ सन्दर्भ अवधिमा यो प्रतिष्ठान कति औषत दिन सञ्चालन भएको थियो ?**

यस प्रश्नमा सन्दर्भ अवधिमा सार्वजनिक विदा, बन्द/हडताल वा कुनै कारणले प्रतिष्ठान बन्द भएको दिन कटाई वर्षभरीमा कति दिन सञ्चालन भएको हो सो दिन यसमा लेख्नुपर्दछ ।

**१४.०२ सन्दर्भ अवधिमा यो प्रतिष्ठान औषत दैनिक कति सिफ्ट चलेको थियो ?**

यस प्रश्नमा सन्दर्भ अवधिमा औषत एक दिनमा कति सिफ्ट चलेको थियो सो सिफ्ट संख्या यस प्रश्नमा उल्लेख गर्नुपर्दछ ।

**१४.०३ यो प्रतिष्ठान औषत दैनिक कति घण्टा सञ्चालन हुन्छ ?**

यस प्रश्नमा प्रतिष्ठान प्रतिदिन औषत कति घण्टा सञ्चालन हुन्छ सो घण्टा यसमा उल्लेख गर्नुपर्दछ ।

**१४.०४ सन्दर्भ अवधिमा यस उद्योग प्रतिष्ठानले कुल उत्पादन क्षमताको कति प्रतिशत उपयोग गरेको थियो ?**

कुनै उद्योग प्रतिष्ठानको उत्पादन क्षमता भन्नाले आफुसंग भई रहेको मेशीन तथा उपकरणहरुको अधिकतम उपयोग गर्दा उत्पादन गर्न सकिने प्रमुख उत्पादित वस्तुको परिमाणलाई वुझ्नु पर्दछ । यस प्रश्नमा कुनै पनि उद्योग प्रतिष्ठानको उत्पादन क्षमताको उपभोग कति प्रतिशत सम्म भएको छ त्यसको प्रतिशत निर्दिष्ट कोठामा लेख्नुपर्दछ ।

**१४.०५ सन्दर्भ अवधिमा यस उद्योग प्रतिष्ठानले वजारको मागअनुसार उत्पादन गर्न सकेको थियो ?**

यस प्रश्नमा सम्वन्धित उद्योग प्रतिष्ठानले प्रमुख उत्पादित वस्तु वजारको मागअनुसार उत्पादन गर्न सकेको थियो वा थिएन सोको कोड दिइएको कोठामा उल्लेख गर्नुपर्दछ ।

**१४.०६ वजारको मागअनुसार उत्पादन गर्न नसक्नुको मुख्य कारण के होला ?**

यो प्रश्न खुला प्रश्न हो । यसमा यदि प्रश्न नम्वर १४.०५ मा थिएन भन्ने उत्तर आएमा यो प्रश्न लेख्नुपर्दछ । वजारको माग अनुसार उत्पादन हुन नसक्नाको कारण धेरै मध्ये मुख्य एक कारण मात्र उल्लेख गर्नुपर्दछ ।

## खण्ड १५. वातावरण सम्बन्धी विवरण

आजको वैज्ञानिक युगमा गुणस्तरीय जीवनयापन गर्नको लागि आर्थिक विकासका साथसाथै भौतिक विकास तिब्र गतिले भैरहेको छ । यस भौतिक विकासकै कारणले विश्वव्यापी रूपमा वातावरणीय समस्याहरू देखा परेका छन् जस्तैः प्रदुषण (वायु, ध्वनी, माटो, जल), हरितगृह प्रभाव, बन विनास, पृथ्वीको सतह विस्तारै तातिनु आदि । यिनै वातावरणीय समस्याहरूले विश्वका सबै जीवहरूलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभावित पारिरहेका छन् ।

विश्वका ठूलाठूला उद्योग कल-कारखानाबाट निस्कने फोहरमैलाहरूले वातावरणलाई प्रचुर मात्रामा प्रदुषण गरिरहेका छन् । साथै वातावरण संरक्षणको लागि विभिन्न सरकारी तथा गैरसरकारी क्षेत्रवाट विभिन्न किसिमका प्रयासहरू पनि भई रहेका छन् । नेपालमा पनि उद्योग क्षेत्रवाट वातावरण संरक्षण तर्फ ध्यान आकृष्ट भई प्रदुषणलाई कम पार्न उद्योगहरू आफैँले विभिन्न किसिमका उपाय र सतर्कता अपनाउने गरेका छन् ।

तसर्थ यस औद्योगिक गणनामा पनि उद्योग प्रतिष्ठानहरूले वातावरण संरक्षणको क्षेत्रमा सचेत भई के कस्ता योगदानहरू दिएका छन् भन्ने कुराको लागि वातावरणीय संरक्षण सम्वन्धमा केही आधारभुत जानकारी लिन खोजिएको छ ।

**१५.०१ यस प्रतिष्ठानमा वातावरण प्रदुषण नियन्त्रण उपकरण जडित मेशिनहरु रहेका छन् ?**

उद्योग प्रतिष्ठानले उत्पादन कार्यमा प्रयोगहुने प्रमुख मेसिन नै प्रदुषण नियन्त्रण जडित मेशिन रहेको छ छैन भनी सोधिएको छ । यदि प्रदुषण नियन्त्रण जडित मेशिन रहेछ भने कोड १ लेख्नुपर्दछ र छैन भने कोड २ लेख्नुपर्दछ ।

**१५.०२ सन्दर्भ अवधिमा यस प्रतिष्ठानमा वातावरण प्रदुषण नियन्त्रण उपकरण जडित मेशिनहरु वाहेकका तलका कुन कुन वातावरण प्रदुषण नियन्त्रण उपकरण जडान/व्यवस्थापन गरिएको थियो ?**

ध्वनी र थरथरावट नियन्त्रण गर्ने यन्त्र वा पम्प, पानीमा मिश्रण भएको रसायन थिग्ग्राउने पोखरी, फोहर पानी निकास हुने ढल वा पोखरीको निर्माण, सेफ्टी ट्याङ्की निर्माण, प्रकाश पास हुने (Light Transparent) प्लाष्टिकका जस्ता पाता, अग्नि नियन्त्रक यन्त्र, प्रदुषित ग्याँस तथा गन्ध, धुवाँ, धुलो र बिकिरण पास हुने चिम्नी वा अन्य उपकरण, धुवाँ, धुलो र बिकिरण नियन्त्रण गर्ने उपकरण, पानीका फोहराको निर्माण आदि जस्ता साधनहरू जडान गरेको कार्यलाई <u>वातावरण प्रदुषण नियन्त्रण कार्य</u> भनिन्छ । सन्दर्भ अवधिमा कुनै उद्योग प्रतिष्ठानले वातावरण प्रदुषण नियन्त्रण गर्न नयाँ वा पुरानो माथि उल्लिखित कुनै पनि किसिमका उपकरणहरू जडान गरेको भए कोड १ लेख्नुपर्दछ । सो जडान व्यवस्थापन गर्दा जडान गरिएका यन्त्र, उपकरण तथा साधनको खरिद मूल्य एवं ज्यालाखर्चलाई सँगैको महलमा लेख्नुपर्दछ । कुनै उद्योग प्रतिष्ठानले वातावरण प्रदुषण नियन्त्रण गर्न नयाँ वा पुरानो उपकरण जडान गरेको भए पनि जडान गर्दा लागेको जडान तथा ज्यालाखर्च समेतलाई जनाउँदछ । स्मरण रहोस यसको रकम स्थायी सम्पति अर्न्तगत खण्ड १३ मा आइसकेको हुनुपर्दछ ।

**१५.०३ सन्दर्भ अवधिमा यो उद्योग प्रतिष्ठानले वातावरण संरक्षण (प्रदुषण नियन्त्रण यन्त्र/उपकरण जडानबाहेक) मा कुल कति खर्च गर्‍यो ?**

वातावरण संरक्षण भन्नाले उद्योग प्रतिष्ठानहरूको परिसरमा हावाको स्वच्छता तथा हरियाली कायम गर्न लगाएको बन, बगैंचा र त्यसको संरक्षणका लागि लगाएको पर्खाल, तार, जाली, भू-संरक्षणका लागि पहिरो नियन्त्रण पर्खाल (ग्याविन) को निर्माण, फोहोर मैला (Solid Waste and Hazardous Waste) को व्यवस्थापन, धारा शौचालयको स्वच्छता कायम राख्न गरिएका क्रियाकलाप आदि जस्ता कार्यलाई <u>वातावरण संरक्षण कार्य</u> भनिन्छ ।

वातावरण संरक्षण कार्यमा गरिएको खर्चहरूलाई यहाँ उल्लेख गर्नुपर्दछ । यदि सरसफाईको काम प्रतिष्ठानका कर्मचारीबाहेक अन्य कसैलाई गराएवापत दिईएको भुक्तानी रकमलाई पनि यसैभित्र समावेश गर्नुपर्दछ । तर उद्योग प्रतिष्ठानका आफनै नियमित कामदारहरूले वातावरण संरक्षण कार्य गरे गराएको भए तिनिहरूलाई दिइएको तलवज्याला रकमलाई यसमा समावेश गर्नुहुँदैन ।

त्यस्तै प्रतिष्ठान र त्यसको परिसर सरसफाईका लागि खरिद गरिएका साना तिना सामानहरू जस्तैः झाडु, फोहर राख्ने कन्टेनर आदिको लागि खर्च भएको रकम पनि यसमा समावेश गर्नुपर्दछ ।

**१५.०४ सन्दर्भ अवधिमा यो उद्योग प्रतिष्ठानले खेर फालिएका धातु वा गैरधातुजन्य वस्तु (कागज, प्लाष्टिक, रबर, छाला आदि) को प्रशोधन गरी पुनः प्रयोग (Recycling) योग्य वस्तु वनाउने गरेको थियो ?**

कुनै उद्योग प्रतिष्ठानले खेर फालिएका धातु वा गैरधातुका पुराना सामानहरू जस्तैः प्लाष्टिक, पोलिथिन, कपडा, ऊनका टुक्रा, कागज, सीसा, छाला वा सेन्थेटिक आदि जस्ता वस्तुहरूको सङ्कलन तथा व्यवस्थापन गरी ती वस्तुहरूलाई कच्चापदार्थको रूपमा प्रयोग गरी नयाँ वस्तु निर्माण (Processing and Manufacturing) गर्ने कार्यलाई पुनः प्रयोग (Recycling) को कार्य भनिन्छ । सन्दर्भ वर्षमा कुनै उद्योग प्रतिष्ठानले धातु वा गैर धातुजन्य वस्तुको प्रशोधन गरी पुनः प्रयोग योग्य वस्तु वनाएको भए कोड १ लेख्नुपर्दछ र थिएन भने कोड २ लेखी १५.०६ सोध्नुपर्दछ ।

**१५.०५ उक्त धातु वा गैरधातुजन्य वस्तुको प्रशोधन गरी पुनः प्रयोग (Recycling) योग्य वस्तु वनाउदा कति खर्च भयो ?**

सन्दर्भ वर्षमा खेर फालिएका धातु वा गैरधातुजन्य वस्तुको प्रशोधन गरी पुनः प्रयोग गरेको थियो भने त्यस्ता खेर फालिएका धातु वा गैरधातुजन्य वस्तुको प्रशोधन गरी पुनः प्रयोग गर्दा लागेको खर्च रकम यहाँ उल्लेख गर्नुपर्दछ ।

**१५.०६ यस प्रतिष्ठानले वातावरण नियन्त्रण प्रमाण पत्र (Pollution Control Certificate) प्राप्त गरेको छ ?**

नेपाल सरकारले वातावरण नियमावली वनाई उद्योग प्रतिष्ठानलाई वातावरण नियन्त्रण प्रमाण पत्र दिने गरेको छ । सो प्रमाण पत्र यस प्रतिष्ठानले प्राप्त गरेको भए कोड १ लेख्नुपर्दछ र हालसम्म पनि प्राप्त नगरेको वा लिनुनपर्ने भए पनि कोड २ लेख्नुपर्दछ ।

## खण्ड १६. उद्योग प्रतिष्ठानलाई असर पार्ने विविध पक्षहरु

उद्योग प्रतिष्ठानलाई वस्तुहरुको उत्पादन, वितरण तथा बजार व्यवस्थापन आदि गर्न विविध पक्षहरुले असर गरेको हुन सक्दछन् । त्यसरी असर पार्ने प्रमुख पक्षहरु औद्योगिक नीति, श्रम ऐन, बातावरण ऐन, ट्रेड यूनियन, न्यूनतम ज्याला, दक्ष जनशक्ति, ऋणमा पहूँच, बजार, कच्चापदार्थ तथा विद्युतको उपलब्धता हुन् । यी असरहरुलाई निम्न ५ भागमा विभाजन गरिएको छ : १. धेरै सकारात्मक २. सकारात्मक ३. कुनै असर छैन ४. नकारात्मक ५.धेरै नकारात्मक । उपरोक्त असरहरुमध्ये आफ्नो उद्योग प्रतिष्ठानलाई यी पक्षहरुबाट के कस्तो असर परेको छ सो विषयको कुनै एक कोठामा अनिवार्य √ चिन्ह लगाउनु पर्दछ ।

## खण्ड १७. विविध

**प्रश्न १७.१ यस प्रश्नावलीले क कस्को तथ्यांकलाई समेटेको छ ?**

यदि यस प्रतिष्ठानको सम्पूर्ण विवरण समावेस गरेको भए कोड १, आंशिक विवरण मात्र समावेश गरेको भएमा कोड २ उल्लेख गर्नुपर्दछ । यदि यस प्रतिष्ठानको सम्पूर्ण विवरण समावेश गरेको भएमा प्रश्न १७.२ सोध्नुपर्दैन । त्यसैगरी यदि आंशिक विवरणमात्र समावेश भएको रहेछ भने यस प्रश्नावलीको वाहिरी पानामा आंशिक भनी ठूला अक्षरले उल्लेख गर्नुपर्दछ । **यहाँ आंशिक भन्नाले प्रतिष्ठानको प्रशासनिक, सहजिकरण गर्ने कार्यालयको विवरण नभरेको लाई जनाउँदछ । अधुरो फाराम भराईलाई आंशिक भनिएको होइन ।**

**प्रश्न १७.२ अन्य विवरण प्राप्त हुने यस प्रतिष्ठानको इन्टरप्राइजेजको नाम र ठेगाना**

प्रश्न १७.१ मा १ कोड आएकालाई मात्र यस प्रश्नमा सोध्नुपर्दछ । यस प्रतिष्ठान आवद्ध रहेको इन्टरप्राइजेजको नाम ठेगाना र फोन नम्वर लेख्नुपर्दछ ।

## भरिएको फाराम जाँच गर्दा ध्यान पुऱ्याउनु पर्ने महत्वपूर्ण कुराहरू :-

प्रश्नावली फाराम भर्दा वा प्रतिष्ठानले आफैँ भरेको फाराम बुझ्दा वा सुपरिवेक्षकले सुपरिवेक्षणको क्रममा निम्न कुराहरूमा ध्यान पुऱ्याउनुपर्दछ ।

- प्रश्नावलीमा सोधिएका प्रश्नहरूको उत्तर सम्बन्धित ठाउँमा स्पष्टसँग लेख्नुपर्दछ ।
- प्रश्नावली भर्दा विभागीय प्रयोजनको लागि भनेर छुट्याइएकोबाहेक अन्य कुनै पनि कोठा खाली छाड्नु हुँदैन । उद्योग प्रतिष्ठानसँग असम्बन्धित या अनुपयुक्त भएका प्रश्नको उत्तर लेख्नुपर्ने ठाउँमा यस्तो “-” र कुनै मूल्य, परिमाण या संख्या शून्य भएमा यस्तो “0” चिन्ह लगाउनुपर्छ ।
- सबै प्रश्नका उत्तरहरू अङ्क र अक्षर (Name of the Establishment बाहेक) नेपालीमा मात्र लेख्नुपर्दछ ।
- उद्योग प्रतिष्ठानको परिचयात्मक विवरणमा उद्योग प्रतिष्ठानको नाम लेख्दा नेपाली तथा अंग्रेजी दुबैमा अनिवार्यरूपले लेख्नुपर्दछ ।
- एकाई उल्लेख गर्नुपरेमा मेट्रिक प्रणाली (किलोग्राम, मिटर, लिटर, आदि) को प्रयोग गर्नुपर्दछ ।
- प्रश्नावलीमा भरिने रकमहरू उल्लेख गर्दा रू. “०००” मा उल्लेख गर्नुपर्दछ । जस्तैः बिक्रीको कुल मूल्य रू १,१२,३७५ भएमा ११२ मात्र लेख्नुपर्दछ र यदि रू. १,१२,५७५ भएमा ११३ लेख्नुपर्दछ ।
- प्रश्नावलीमा भरिएका अङ्कहरूको जाँच गर्दा सन्दर्भ वर्षमा सम्बन्धित उद्योग प्रतिष्ठान जम्मा कति दिन सञ्चालन भएको थियो तदनुरूप उत्पादन र रोजगारीका अङ्कहरू मिल्दोजुल्दो छन् छैनन् जाँच गर्नुपर्दछ ।
- प्रश्नावलीको उपयुक्त ठाउँमा अङ्क लेख्नु अघि हिसाव गर्नुपरेमा प्रश्नावलीको अन्तिम पेजमा गर्नुपर्दछ ।
- उद्योग प्रतिष्ठानमा संलग्न नेपाली/विदेशी पुरूष तथा महिला कर्मचारीहरूको जोड १० वा सोभन्दा बढी हुनुपर्दछ ।
- यदि खण्ड ६ मा खरिद गरेको हालतमा बिक्री हुने वस्तुवापत वार्षिक खर्च शुन्य र वार्षिक बिक्री भएको वस्तुवापत आम्दानीमा केही रकम उल्लेख भएको रहेछ भने खरिद गरेको हालतमा बिक्री हुने वस्तुको सन्दर्भ वर्षको शुरूको मौज्दातमा रकम देखिनुपर्दछ ।
- यदि खण्ड ६ मा खरिद गरेको हालतमा बिक्री हुने वस्तु **बिक्री वा खरिद गरे** वापत वार्षिक खर्चभन्दा वार्षिक बिक्री भएको वस्तुवापत आम्दानीमा कम रकम उल्लेख भएको रहेछ भने खण्ड ९.०५ (खरिद गरेको हालतमा बिक्री हुने वस्तु) मा सन्दर्भ वर्षको अन्त्यको मौज्दातमा रकम देखिनुपर्दछ ।
- यदि खण्ड ६ को प्रश्न ६.०३ अनुसार खरिद गरेको हालतमा बिक्री हुने **वस्तु बिक्री वा खरिद गरे** वापत वार्षिक खर्चभन्दा वार्षिक बिक्री भएको वस्तुवापत आम्दानी निकै बढी उल्लेख भएको रहेछ भने खरिद गरेको

हालतमा बिक्री हुने वस्तुको सन्दर्भ वर्षको शुरूको मौज्दातमा रकम उल्लेख भएको हुनुपर्दछ अन्यथा के कारणले त्यस्तो हुन गएको सम्बन्धित प्रतिष्ठानमा पुनः सोधीखोजी गर्नुपर्दछ ।

- प्रत्येक कच्चापदार्थको वार्षिक खरिदको जम्मा परिमाण र रकम, स्वदेश र अन्य देशको खरिदको परिमाण र रकमको जोडसँग मिल्नु पर्दछ ।
- खण्ड ३ मा उल्लेख भएका उत्पादित वस्तु र खण्ड ८ अर्थात उत्पादन तथा उत्पादित वस्तुको बिक्रीअन्तर्गत उल्लेख भएका वस्तुहरु मिल्नुपर्दछ ।
- यदि खण्ड ८ मा वार्षिक उत्पादित वस्तुको परिमाणभन्दा वार्षिक स्वदेश र अन्य देशमा बिक्री भएको वस्तुको जम्मा परिमाणको जोड कम रहेको छ भने तयारी वस्तुको सन्दर्भ वर्षको अन्त्यको मौज्दातमा रकम देखिनुपर्दछ ।
- यदि खण्ड ८ मा वार्षिक उत्पादित वस्तुको परिमाणभन्दा वार्षिक स्वदेश र अन्य देशमा बिक्री भएको वस्तुको जम्मा परिमाणको जोड बढी रहेको छ भने तयारी वस्तुको सन्दर्भ वर्षको शुरूको मौज्दातमा रकम देखिनुपर्दछ ।
- यदि प्रश्न नं. १५.०४ को कोष्ठमा १ कोड उल्लेख भएको छ भने प्रश्न नं. १५.०५ मा रकम उल्लेख भएको हुनैपर्दछ ।

**धन्यवाद**